राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि

newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– ३१, अङ्क– ४६, असार १२ गते शुक्रबार, २०८३ (26 June, 2026) | www.janajibro.com | मूल्य रू. १०।-

# दलको संस्थागत स्वरूप लिँदै रास्वपा

## नेतृत्व दोहोरियो, नीति फेरियो- 'संवैधानिक समाजवाद' को सट्टा 'सामाजिक लोकतन्त्र', आधारभूत सवालमै द्वन्द्वको बिजारोपण

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** करिव चार वर्षअघि नयाँ राजनीतिक अभियानका रूपमा गठन भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संस्थागत राजनीतिक दलको स्वरूप ग्रहण गर्दै अघि बढेको छ। असारको दोस्रो साता चितवनमा सुरु भई सम्भवतः आज (असार १२ गते शुक्रबार) सम्पन्न हुने सो पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनमार्फत वैध सङ्गठनात्मक स्वरूप र मोटामोटी राजनीतिक-सैद्धान्तिक धार निक्र्यौल गरेसँगै रास्वपाले संस्थागत राजनीतिक दलको आकार ग्रहण गरेको हो।




'पुरानाले केही गरेनन्, अब देश बनाउन हामी नयाँ आएका छौं' भन्नेबाहेक कुनै पनि राजनीतिक दर्शन, सिद्धान्त, दृष्टिकोण, नीति र कार्यक्रम नभएको अनि केही मान्छेका बीच आफूले आफैंलाई विभिन्न तहका 'नेता' घोषित गर्दै सोहीअनुरूप निर्वाचन आयोगमा दर्ता गरेर प्रमाणपत्र लिनेबाहेक वैध सङ्गठनात्मक विधि नअँगालेको रास्वपा यसअघि दल भनिए पनि यथार्थतः एक किसिमको अभियान मात्र थियो। एकाध व्यक्तिबाहेक सवैजसो 'नेता' हरूप विगतमा कांग्रेस, एमाले, माओवादी, राप्रपा इत्यादि दलमा रहेर लामै समय क्रियाशील भइसकेका र कतिपय त अनेकौं अवसर र नियुक्ति समेत भ्याइसकेका व्यक्ति हुनाले रास्वपाको कुनै पनि भिन्न, मौलिक र नयाँ चरित्र; व्यवहार र प्रणाली समेत प्रदर्शित र स्थापित हुन सकिरहेको छैन।

लामो समयदेखि कांग्रेस र कम्युनिस्टका नाममा पटक-पटक सत्ता चलाएका तर राष्ट्र र जनताका पक्षमा अपेक्षित परिणाम दिन नसकेका बरु कुशासन, अनियमितता, भ्रष्टाचार र व्यभिचारका अनेकौं काण्डमा मुछिएका कांग्रेस-एमाले लगायतप्रति क्रमशः विश्वास टुट्दै जान थालेको नेपाली जनमतको एउटा तप्काले रवि लामिछानेको अगुवाइमा अघि बढेको उक्त अभियानलाई केही हदसम्म

क्रमशः अन्तिम पृष्ठमा

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं !

- वर्षाको समयमा बाढी–पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्याङ्कन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदी किनारा वा भिरालो जमिनमा बसोवास भएकाहरू विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घरपरिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क विन्दुहरू तय गरौं, सूचना प्रणालीमा आबद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधी आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपाली राजनीतिमा क्रिश्चियनिटीको साइँनो

समय सन्देश

सञ्जीव शर्मा

राज्य सञ्चालनको इतिहासमा धर्मलाई राजनीतिको चूरोसँग जोड्ने परम्परा राज्यको विकाससँगसँगै भएको हो । त्यसैले, प्राचीन ग्रन्थहरूमै राजा, राज्य, राष्ट्रको परिकल्पना धर्मसँग जोडिएको हुन्थ्यो । मध्यपुर्वमा यहुदीहरूको पुरानो टेस्टमेन्टको आधारमा राज्य सञ्चालन गर्ने गरेकाले नयाँ टेस्टमेन्ट (बाइबल) का प्रणेता यशु खिस्टलाई यहुदीकै प्रभावमा क्रुसमा झुन्ड्याइएको कथन छ । त्यस कथनमा जोडिएको के छ भने यहुदीहरु आफ्नो धर्मका ईश्वरीय दुत मुसाबाहेक अर्कोलाई स्वीकार गर्दैन थिए । तर पछि पैगम्बर मोहम्मदको कुरानको शरीयातकै आधारमा शासन चलाएको पाइन्छ भने युरोपमा क्रिश्चियन धर्म अवलम्बन गरेपछि बाइबलको आदेशअनुसार कानुन बनाउने गर्थे । एकप्रकारले राज्य र चर्च एक अर्कासँग सम्बन्धित मात्र नभएर चर्चमार्फत समानान्तर शासनको अभ्यास पनि भइरहेको थियो । त्यसको प्रभाव अहिले पनि भ्याटिकन सिटीका पोपसँग जोडिएको छ । यद्यपि, आधुनिक युगको सुरूआतसँगै युरोपमा राज्य र चर्चको सम्बन्ध टुटाउँदै लगियो र रूसमा सन् १९१७ को अक्टोबर क्रान्तिले मात्र राज्य र चर्चलाई अलग बनाउने प्रयास गरेको थियो । क्याथोलिकहरूले राज्यभन्दा माथि ती पोपलाई मानेका छन् । र, हरेक क्याथोलिक क्रिश्चियन समुदायले पोपको आदेश वा निर्णयलाई सर्वोपरि ठान्छन् ।

अमेरिका, बेलायतमा अहिले पनि सरकार प्रमुख हुन बाइबलको सपथ त खानुपर्छ नै साथसाथै ती व्यक्ति क्याथोलिक सम्प्रदायको हुनैपर्छ । आधुनिक भनिएका देशको शासनसत्ता पनि धर्मको आडमा टिकेको छ

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फइको मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- ३१, अङ्क- ४६, असार १२ गते शुक्रबार, २०८३

## सम्पादकीय

# जनमतको कदर गर, उन्मादमा उत्ताउलो नबन

परिस्थितिजन्य अवस्था र संयोगको सम्मिलनका कारण राष्ट्रिय स्वतन्त्र पार्टी यतिबेला प्रतिनिधिसभामा दुईतिहाईको नजिक छ। र, उसले एकल बहुमतको सुविधाजनक सरकार चलाइरहेको छ। यो अवस्थालाई उक्त पार्टी र वर्तमान सरकारले जनमतको सम्मान गर्ने दायित्वका रूपमा लिनुको सट्टा उन्मादमा मात्तिने र उत्ताउलो बन्ने अवसरका रूपमा लिन खोजेको देखिँदै छ।

लाखौं-करोडौं जनताको धेरै ठूलो त्याग र लगानी अनि हजारौं वीर सपूतहरूको बलिदान, हजारौं बेपत्ता योद्धा र घाइते-अपाङ्ग योद्धाहरूको त्यागद्वारा स्थापित वर्तमान संविधानका आधारभूत संरचना नै खलबल्याउने किसिमका हर्कत किमार्थ सह्य र ग्राह्य हुन सक्दैनन्। सबल र घरदैलोमै पुग्ने किसिमका स्थानीय तह र स्वायत्त किसिमका प्रादेशिक संरचनासहितको संघीयता, धर्मनिरपेक्षता, गणतन्त्र, स्थानीय तह र राष्ट्रियसभाको 'निर्दलीयता' जस्ता हास्यास्पद कुराका साथै वर्तमान राजनीतिक सन्दर्भ र शक्तिसन्तुलनको अवस्थामा तथाकथित प्रत्यक्ष निर्वाचित कार्यकारी लगायतका नेपालको हकमा कल्पना गर्न नसकिने कुरा हुन्। यस्ता अति संवेदनशील एवम् सवै तहका जनप्रतिनिधिबीचको सहमति विना छुनै नसकिने विषयमा असाध्यै हल्काफुल्का किसिमले केटौलेपनयुक्त अभिव्यक्ति मात्र होइन कि महाधिवेशनको दस्तावेज नै बनाएर रास्वपाले आफ्नो खुट्टा छिनाल्ने गरी बन्चरो हान्ने दुस्प्रयत्न गरेको छ। सोही पार्टीको एकलौटी सरकारका गतिविधि समेत त्यतैतर्फ उन्मुख छन्।

जनताले दिएको म्यान्डेट र मुलुकको धरातलीय यथार्थ बाहिर गएर रास्वपाले यस्ता कुराहरू लागू गर्न त किमार्थ सक्दैन नै; बरु यसले भर्खरै स्थापित हुने तर्खरमा रहेको उसैको राजनीतिक अस्तित्व निमिट्यान्न पारिदिने निश्चित छ। सम्बन्धितहरू बेलैमा सचेत बनून्; अन्यथा 'रामराम' मात्रै भन्न सकिनेछ।

# नेपाली राजनीतिमा...

भन्नलाई युरोप र अमेरिका हेर्दा पुग्छ। अहिले पनि संसारमा ७० भन्दा बढी देशले आफुलाई क्रिश्चियन देश भनेर चिनाउँछन्। धार्मिक कट्टरतासहित देखिने ती देशका चर्चले अन्य देशमा राजनीतिक प्रभावसहित धर्मान्तरणमा जोड दिन्छन्। क्रिश्चियनहरूमा धार्मिक कट्टरता छ भन्ने देखाउने उदाहरण त चर्चको लगानीमा अन्य देशमा हुने धर्मान्तरण मात्र होइन, मुस्लिम समुदायसँग निरन्तर भइरहेको युद्धले झनै प्रष्ट पार्छ। त्यसको छनक अहिलेका गतिविधिले पनि देखाइरहेको छ।

पछिल्ला वर्षमा भने अफ्रिका र एसियाका देशहरूमा धर्मान्तरणमा उनीहरूले जोड दिएका छन्। खासगरी गरिब तथा विपन्न एवं जातीय रूपमा उत्पीडनमा परेको समुदाय लक्षित गरेर सहायताको नाममा क्रिश्चियन समुदायले प्रवेश र प्रर्वद्धनको मौका पाएका छन्। तीव्र गतिमा धर्मान्तरण भइरहेका देशहरूको सूची हेर्दा पनि गरिब र विपन्न देशहरु प्राथमिकतमा पर्छन। अपवादको रूपमा पछिल्ला दिनमा चीनमा पनि त्यो संख्या बढेको छ। अफ्रिका मात्र होइन, पछिल्ला दिनमा नेपाल, चीनसहित दक्षिण एसियाका केही देशहरु तीव्र रूपमा क्रिश्चियन धर्म अँगाल्नेहरूको संख्या बढ्नेको सूचीमा पर्छन्।

### राजदरबार र क्रिश्चियनिटी साइँनो

नेपालमा राजनीतिक सम्बन्धबाट क्रिश्चियन धर्मको सुरूआत भएको पाइन्छ। राजनीतिक संरक्षणबाट सुरू भएको क्रिश्चियन धर्म प्रचार अभियान पाँचसय वर्ष बितिसक्दा पनि त्यही प्रभाव र प्रयासमा भइरहेको छ। नेपालको शासकहरूले नै सत्ता टिकाउने खेलमा होस् वा कसैको प्रियतम बन्ने अभिलाषामा क्रिश्चियन धर्मप्रतिको अधिक मोह देखाउने गरेको देखिन्छ। सामान्यतः नेपालको सन्दर्भमा क्रिश्चियन धर्मको सम्बन्धको तार १६ औं शताव्दीबाट जोडिएको भेटिन्छ। रोमन क्याथोलिक सम्प्रदायका धर्मगुरू क्यापुचीन पादरी पहिलोपटक नेपाल आएको वि.सं. १६८५ तिर हो भन्ने गरिन्छ। खासगरी, तत्कालीन कान्तिपुरका राजा शिवसिंह मल्लले क्यापुचीनलाई नेपालमा क्रिश्चियन धर्म प्रचारका लागि ल्याएको भनेर उल्लेख गरिएको पाइन्छ भने कहीँ रणजीत मल्लको नाम उल्लेख छ। यद्यपि, त्यतिबेला कान्तिपुरका प्रताप मल्ल, ललितपुरका राजा श्रीनिवास मल्ल र भक्तपुरका राजा रणनीति मल्लले क्यापुचीनको टोलीलाई निस्फ्रिकी धर्म प्रचारमा छुटमात्र दिएका थिएनन, तिनको प्रभाव विस्तारमा खुसी नै देखिन्थे। नेपालमा सुरूको चरणमा धार्मिक विषय बढी कठोर थियो । जो अहिले पनि कहिलेकहीं देखिन्छ।

एक आलेखमा उल्लेख भएअनुसार वि.सं. १८२४ मा नेपालमा ३९ पादरीसहित प्रशस्त क्रिश्चियन अनुयायी भइसकेका थिए। ललितपुर जिल्लामा नेपालमा पहिलोपटक चर्चसमेत स्थापना भइसकेको थियो। यहींनेर जोडिन्छ, पृथ्वीनारायण शाहको सन्दर्भ। त्यसको दुई वर्षपछि १८२६ मा काठमाडौं उपत्यकामा विजय प्राप्त गरेपछि ६२ जना अनुयायीसहित ती पादरीहरूलाई उनले देश निकाला गरे। पृथ्वीनारायण शाहले खासगरी राजनीतिक सन्दर्भलाई जोडेर उनीहरूलाई देश निकाला गरेका थिए। उनीहरूमाथिको आरोप भनेको अंग्रेज शासकको जासुसीका रूपमा नेपालमा काम गरिरहेको भन्ने थियो। धार्मिक कट्टरता त राजा पृथ्वीनारायण शाहसँग थियो नै त्योबाहेक त्यतिबेला अंग्रेजको दबदबा बढेको र उसले नेपालका भू-भागमा नजर लगाएको भन्ने पनि थियो। जसले गर्दा क्रिश्चियन धर्मका पादरी राजनीतिक चेपुवामा परे। हुन पनि अंग्रेज शासकसँग जोडिएको भनिएका ती पादरीहरु नेपालबाट निकाला भएपछि उत्तरी विहारको बेतियामा बसे। र, उनीहरूका साथमा नेपालमा धर्म परिवर्तन गरेका केही परिवार पनि साथमै गएका थिए। त्यसको प्रभाव यतिसम्म रह्यो कि १८२६ पछि वि.सं. २००७ सालसम्म नेपालमा क्रिश्चियन समुदायको प्रभाव रहेन। अर्थात् त्यो बीचको समयमा क्रिश्चियन धर्मसँग जोडिएका प्रर्वद्धनात्मक काम भएनन्।

नेपालको राजालाई 'विष्णुको अवतार' का रूपमा व्याख्या गरिन्थ्यो; जसको प्रष्ट बुझाइ हुन्थ्यो, नेपालका राजा हिन्दू धर्मका संरक्षक, प्रर्वद्धक हुन्। तर, राजनीतिक चश्माबाट दरबारलाई केलाउने हो भने राजाहरु न हिन्दूप्रति पुर्ण बफादार देखिन्छन् न संरक्षक नै। पृथ्वीनारायण शाहले लखेटेपछि पादरीहरूले केही सय वर्ष नेपाल प्रवेशको अवसर पाएनन तर जब २००७ सालमा प्रजातन्त्रको स्थापना भयो त्यसपछि उनीहरूले मौका पाएको देखिन्छ। खासगरी, राजा महेन्द्रको पालामा नेपालमा क्रिश्चियन समुदायले प्रवेश र प्रवर्द्धनको मौका पाएका थिए। राणाशासनको अन्त्यपछि विदेशी मिसनहरु प्रशस्त आएको देखिन्छ। त्यतिबेला कांग्रेस आफै पनि धर्मप्रति उदार सौँच राख्थ्यो भने भारतमा क्रिश्चियनहरूको बाहुल्यता पनि बढेको थियो। त्यसको प्रभावले गर्दा कांग्रेसीहरु क्रिश्चियनप्रति कठोर बन्न सक्ने अवस्था थिएन।

क्रिश्चियनहरूले राजनीतिक संरक्षण कतिसम्म पाएका थिए भन्ने उदाहरण राजा महेन्द्रको पालामा नेपाल भित्रिएका जेसुईट्सहरूको प्रभाव विस्तार, उनीहरूले स्थापना गरेको संघसंस्थाहरूको उदाहरणले देखाउँछ। यति छोटो समयमा उनीहरूले नेपालमा विद्यालयसमेत सञ्चालन गर्ने मौका पाए। धर्म प्रचारका लागि खुलेआम वातावरण पाए। त्यो सबै राजनीतिक संरक्षणको परिणाम थियो। पछिल्लो समय नेपाल आएर धर्म प्रचार गर्ने फादर मोरान पहिलो पादरी त थिए नै, उनकै पहलमा गोदावारीमा पहिलो क्रिश्चियन विद्यायलय स्थापना भएको थियो। उता क्याथोलिक सम्प्रदायका अनुयायीको पहलमा सेन्ट जेर्भियस स्कूल स्थापना भयो। त्यसपछि स्कूलमात्र होइन, क्याथोलिक चर्चहरु पनि स्थापना सुरू भयो। क्रिश्चियन समुदायको अर्को सम्प्रदाय प्रोटेस्टेन्ट हो। नेपालको पहिलो प्रोटेस्टेन्ट चर्च पोखराको रामघाटमा निर्माण भएको थियो।

इन्टरनेसनल नेपाल फेलोसिप अर्थात् आईएनएफ नेपालको सबैभन्दा पुरानो क्रिश्चियन मिसनरीहरूको संस्था हो, जुन युनाइटेड मिसन टु नेपालभन्दा एक वर्ष पहिला स्थापना भएको हो। उनीहरूकै पहलमा पोखरामा कुष्ठरोगीहरूका लागि भनेर ग्रीन पाश्चर अस्पताल खोलेका थिए। पोखरामै अर्को अस्पताल पनि स्थापना भएको थियो। काठमाडौं र पोखराबाहेक, सुर्खेत, नेपालगञ्ज, धनुषाको लालगढ, ओखलढुंगा, गोरखासम्म पनि उनीहरु यसरी नैं पुगेका थिए। यी सबै दरबारको प्रत्यक्ष संरक्षण र प्रवर्द्धनमा भएका थिए। करिब १६ देशका ४० वटाजति संस्थाहरु मिलेर बनेको युनाइटेट मिसन टु नेपाल (यूएमएन) ले धर्म प्रचारमा संलग्न नरही सेवा मात्रै उपलब्ध गराउने लिखित बचनवद्धता गरे पनि व्यवहार भने उल्टो छ। केही क्रिश्चियनहरूले शिक्षा र स्वास्थ्यको आवरणमा नेपालमा धर्मान्तरण प्रयास गरेको तथ्य गोदावरीको पहिलो क्रिश्चियन स्कुल खोल्ने उदाहरण होस् वा पोखरामा अस्पताल खोल्ने कुराले पुष्टि गर्दछ। ती सबै प्रलोभनले धर्मान्तरण हुन्छ भन्ने देखिन्छ र उनीहरूले त्यसमा गरिब र विपन्न परिवार लक्षित गरेका छन्। पञ्चायतमा क्रिश्चियन धर्मसँग दरबारको सम्बन्ध जोड्नलाई यी उदारहण नै काफी छन्। विभिन्न आईएनजीओसँगको आवद्धतामा क्रिश्चियन हुनुपर्ने अनिवार्यता त्यतिबेला पनि थियो र अहिले पनि छ। त्यसकारणले प्रष्टसँगै भन्न सकिन्छ कि नेपालको दरबारसँग क्रिश्चियन सम्बन्धको लामो इतिहास थियो।

### राजीतिक संक्रमणको फाइदा

आधिकारिक रूपमा नेपालमा चर्चको संख्या यकिन गर्न सक्ने अवस्था छैन। कतिपय गुपचुपमा सञ्चालन भइरहेका छन भने त्यो भन्दा ठूलो समस्या चाहिँ सरकारी तहबाट यसबारेमा अध्ययन र अनुगमन नै भएको छैन। क्रिश्चियन समुदायका व्यक्तिहरूकै भनाइमा पनि ३/४ जना अनुयायी हुने वित्तिकै चर्च बनाई हाल्ने चलन चलेको छ। त्यसमा धेरै अन्यथा त मान्न नसकिएला तर त्यसको आर्थिक स्रोतमाथि प्रश्न भने छ। अनौपचारिक तथ्यांकअनुसार नेपालमा करिब १५ हजार चर्च रहेको अनुमान छ। ०७० मा गृह मन्त्रालयले अनौपचारिक रूपमा गरेको एक अध्ययनअनुसार काठमाडौं उपत्यकामा मात्रै करिब चारहजार चर्च थिए। त्यो संख्या यतिबेला ह्वात्तै बढेको छ। यसरी चर्चको संख्या बढ्नुमा खासमा वास्तविक अनुयायीभन्दा पनि आर्थिक सहायतासँग जोडिएको आरोप लागिरहेको छ। दुई वर्षअघि सरकारले नै एकनाथ ढकालको नेतृत्वमा भएको क्रिश्चियनहरूको एक भेलाको समयमा अन्य क्रिश्चियन समुदायले आर्थिक चलखेल गरेर आफ्नो सम्प्रदाय विस्तार गर्न खोजेको आरोप लगाएका थिए।

नेपाल राष्ट्रिय क्रिश्चियन महासंघका अध्यक्ष सीवी गहतराजको भनाइलाई आधार मान्ने हो भने नेपालमा करिब ३० लाख क्रिश्चियन धर्मालम्वी भएका छन। र उनीहरूले प्रार्थना गर्ने चर्चको संख्या १२ हजार ५ सयभन्दा बढी छन्। तर, त्यसको आधिकारिक तथ्यांक भने छैन्। नेपालको जनगणना २०६८ अनुसार भने १.४ प्रतिशत अर्थात् करिब ३ लाख ७५ हजार क्रिश्चियन धर्मालम्वी छन्। नेपालमा प्रोष्टेटेन्ट समुदायका क्रिश्चियन बढी रहेका छन्। र, नेपालको मुलधारका क्रिश्यिचनमा क्याथोलिक र प्रोटेस्टेन्ट क्रिश्चियन समुदाय नै हुन्। प्रोटेस्टेन्टहरूले आफुलाई इभान्जेलिकल पनि भन्ने गरेका छन्। त्यसैगरी, सियोन, याहोवा साक्षी, ओन्ली जिजस, चर्च अफ क्राइष्ट र सेभेन्थ डे र मुन सम्प्रदायका क्रिश्चियन समुदायहरु पनि छन्। तर, क्याथोलिक र प्रोटेस्टेन्ट (इभान्जेलिकल) सम्प्रदायले अन्य ६ समुदायलाई 'झुठा शिक्षा' भन्ने गरेका छन्।

धार्मिक स्वतन्त्रता भनेको कुनै एक धर्मको संरक्षण राज्यबाट हुनु हुँदैन र व्यक्तिले स्वतन्त्रतापूर्वक जुनसुकै धर्म अँगाल्न सक्छ वा आफ्नो धर्मअनुसार गतिविधि गर्न पाउँछ। तर, प्रलोभनमा होस् वा अन्य विधिको प्रयोगले धर्मान्तरण गर्न पाइदैन्। तर, नेपालमा धार्मिक स्वतन्त्रताको सही उपयोग हुन सकेन, क्रिश्चियन समुदायले राजनीतिक शक्तिलाई धर्मान्तरण गर्नमा उपयोग गरेका छन्। नेपालको ऐतिहासिक सन्दर्भ जोड्दा राजनीतिक संक्रमणको समयमा क्रिश्चियन समुदायको दर्विलो उपस्थिति हुने गरेको छ। आपसी द्वन्द्वको चपेटामा परेका मल्ल कालमा होस् वा नेपाल एकीकरणको चरणमा रहेको बेलामा नै किन नहोस्, त्यो बेला उनीहरूले राजनीतिक सम्बन्धमार्फत आफ्नो प्रभाव विस्तार गरेका थिए। ००७ को राजनीतिक परिवर्तन, ०१७ को महेन्द्र 'कु' होस् वा ०४६ सालको परिवर्तन। यी हरेक घटनामा राजनीतिक पहुँचमार्फत उनीहरु आफ्नो विस्तारमा लागेकै देखिन्छ। ०६३ पछि त झन् उनीहरूलाई सहज भइदिने धर्मनिरपेक्षताको मुद्दा आईदियो। त्यही सुरूङभित्र अटाउने भएपछि उनीहलाई थप सहजीकरण भएको छ।

### कम्युनिस्ट नारा र क्रिश्यिचन

नवमार्क्सवादीहरूको विश्लेषणमा 'पश्चिमाहरूले आईएनजीओमार्फत कम्युनिस्टहरूलाई पुँजीवादी कित्तामा ल्याउने र सहायताको नाममा परनिर्भर बनाइरहने हो।' सन् १९५० अर्थात् खासगरी, दोस्रो विश्वयुद्धपछि उनीहरुले आईएनजीओमार्फत सहायता वितरण गरेर गरिब र अल्पविकसित मुलुकलाई आफ्नो प्रभाव क्षेत्रमा ल्याउने मात्र होइन, परनिर्भर बनाउने जुन रणनीति ल्याए त्यो सैद्धान्तिक रूपमा 'डिपेन्डेन्सी थ्योरी' थियो। ल्याटिन अमेरिकामा नवमार्क्सवादीले डिपेन्डेन्सी थ्योरीको परिभाषित गरिरहँदा ती आईएनजीओहरु प्याकेजसहित नेपाल प्रवेश गरेको देखिन्छ। आईएनजीओमा लामो समय काम गर्नेहरूको अनुभवका आधारमा आईएनजीओले नेपाल आउँदा आर्थिक सहायताको प्याकेजभित्र संस्कृति, राजनीति, धर्म, नीतिगत प्रभावजस्ता मुद्दा ल्याएका हुन्छन्।

त्यसका लागि ०४६ सालयता आईएनजीओले ल्याएका नीतिहरु मिहिन विश्लेषण गर्दा पनि हुन्छ। जस्तो, ०७२ को भुँईचालोको बेलामा पनि आईएनजीओले धर्म प्रचारलाई प्राथमिकता राखे। त्यसैका कारण धादिङका भुँइचालो प्रभावितलाई टेन्टमा पुगेर बाइबल त बाँडियो नै राहत सामाग्रीमा समेत त्यसै गरियो। दोलखा, गोरखा, रसुवामा पनि त्यस्ता घटना भएका थिए। अझ राष्ट्रिय पुनिर्माण प्राधिकरण गठनपछि भूँईचालो प्रभावित १४ वटा जिल्लामा काम गर्ने आईएनजीओमध्ये झन्डै ८ अर्ब रूपैयाँ बराबरको बजेट क्रिश्चियन समुदायमा आधारित थिए र वर्ल्डभिजन इन्टरनेसनलले गोरखामा बनाएको घरको विवाद ठूलै मुद्दाको रूपमा आएको थियो। यसप्रकरणमा प्राधिकरणले कारवाहीका लागि स्पष्टीकरण त सोध्यो तर कारवाही गर्न सकेन। अहिले पनि वर्षेनी नेपालमा आईएनजीओमार्फत क्रिश्चियन धर्म प्रचारमा सहयोगी काम भइरहेको छ।

नेपालमा ०४६ सालको राजनीतिक स्वतन्त्रतासँगै ह्वात्तै एनजीओ र आईएनजीओ विस्तार भए। र ती आइएनजीओसँगै क्रिश्चियनहरूले धर्म प्रचार बढाए। जस्तो कि, फिडा इन्टरनेस्नलले ओखलढुंगा, चितवन, सर्लाही, धनुषा, महोत्तरी, काभ्रे, बाँके, रूकुम, रोल्पालाई कार्यक्षेत्र बनाएर समाज कल्याण परिषद्बाट परियोजना स्वीकृत गरायो। तर पाँच वर्षमा २४ करोड ८७ लाख ९२ हजार खर्चिने त्यो परियोजनाको मध्यावधि मूल्यांकन रिपोर्टमा क्रिस्चियन धर्म प्रचार गरेको पाइयो। त्यतिबेला तत्त्व तिमिल्सना नेतृत्वको अनुगमन टोलीले धर्म प्रचारमा बाइबल स्कुलसमेत बनाएको भेटिएकोले कारबाही गर्न सिफारिस त गरेको थियो तर कारवाही भएन। डान चर्चले भूकम्पपछि राहत, पुनर्स्थापना, तरकारी खेती र खानेपानीको क्षेत्रमा काम गर्ने नाममा ८१ करोड खर्च गर्ने परियोजना त ल्यायो तर त्यसमा पनि त्योसँगै धर्मान्तरणमा प्रोत्साहित गरिरह्यो। ०७५ को महालेखा परीक्षकले समेत मर्सी मिसन हिमालय र टियर फन्डजस्ता संस्थाले क्रिस्चियन धर्म प्रचार गरिरहेको कुरा उल्लेख गरेको थियो।

समग्रतामा कम्युनिस्टहरूले उठाउने गरेको सामाजिक न्याय र धार्मिक स्वतन्त्रताको मुद्दाभित्र घुसेर आईएनजीओको नेक्ससले बढ्ता काम गरेको देखिन्छ। राजनीतिक पहुँच विस्तारका लागि होस् वा

क्रमशः तेस्रो पृष्ठमा

# पार्टीभित्रका विवाद बाहिर नलैजान रविको आग्रह

**चितवन ।** रास्वपाको सभापतिमा फेरि निर्विरोध निर्वाचित भएका रवि लामिछानेले पार्टीभित्र विवाद भएको स्वीकार गरेका छन् । चितवनमा जारी महाधिवेशनको बन्दसत्रमा बोल्दै उनले यस्ता विवादहरूप सडकमा नलैजान नेताहरूपलाई अनुरोध गरे । लामिछानेले एमाले र कांग्रेस गठबन्धन सरकारले आफ्नो पार्टीविरुद्ध राज्यका तीनवटै अंगको दुरूपयोग गरेको बताएका छन् ।

मंगलबार रास्वपा महाधिवेशनको बन्दसत्रमा पेस गरेको राजनीतिक प्रतिवेदनमा सभापति लामिछानेले आफूमाथि नांगो राजनीतिक प्रतिशोध साधिएको बताएका हुन् ।' २०८१ साउनमा नेकपा (एमाले) र नेपाली कांग्रेसको सरकार बनेसँगै रास्वपा र ममाथि नांगो राजनीतिक प्रतिशोध सुरु भयो र त्यसका लागि संस्थागत संयन्त्रहरूप प्रयोग भए । संसदीय छानबिन विशेष समितिको निष्कर्षविपरीत सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण जस्ता अनुचित आरोपहरू लगाइए । एकपछि अर्को गरी नयाँ मुद्दा थपेर अभियोजन विस्तार गरियो । रातारात जेल स्थानान्तरण गरियो, 'अन्तिम इच्छा' सोधियो,' उनले भने ।

आफूहरूविरुद्ध राज्यका तीनै अंगको दुरूपयोग गरिएको पनि उनले बताएका छन् । 'व्यवस्थापिकामा संसदीय छानबिन समितिको निर्णयलाई राजनीतिक उपकरण बनाइयो । कार्यपालिका त अत्याचारको कारखाना नै भयो, न्यायपालिकासमेतको दुरूपयोग भयो । चयनात्मक न्याय भयो,' प्रतिवेदनमा लामिछानेले भनेका छन् । पार्टी र नेतृत्वलाई कुटिल र जटिल कानुनी, राजनीतिक र संस्थागत चक्रव्यूहमा फसाइएको पनि सभापति लामिछानेको आरोप छ । उनले अगाडि भनेका छन्, 'षड्यन्त्रकारीहरूप रास्वपा सकियो भन्ने निष्कर्षमा थिए । सबै ढोकाहरू बन्द भएपछि हामी जनताको अदालतमा गयौं । चालीस लाखभन्दा बढी नागरिकले यो राजनीतिक प्रतिशोधविरुद्ध हस्ताक्षर नै गरेर ऐक्यबद्धता जनाए । त्यो षड्यन्त्र नै थियो, राजनीतिक प्रतिशोध नै थियो र यो हाम्रा बिरुद्ध देशकै सबैभन्दा ठूलो सङ्गठित राजनीतिक अपराध थियो भनेर सिंगो देशले मान्यो किनकि त्यो षड्यन्त्रमा सहभागी लगभग कोही पनि अहिलेको संसद्मा दोहोरिएर आउन सकेनन् ।'

# बालेनको प्रस्तावमा लामिछाने बने निर्विरोध सभापति

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टीको सभापतिमा रवि लामिछानेको एकल उम्मेदवारी परेकाले उनी निर्विरोध निर्वाचित भएका छन् । पार्टीको केन्द्रीय निर्वाचन आयोगका उपप्रमुख राम गुरूङले सभापतिमा लामिछानेले मात्र मनोनयन पत्र दर्ता गरेकाले उनी निर्विरोध निर्वाचित भएको बताए ।

लामिछानेले वरिष्ठ नेता बालेन शाहलाई प्रस्तावक राखेर उनले मनोयन दर्ता गराएका हुन् । मनोयन दर्तापछि दुवैले निर्वाचन आयोग सचिवालयको बरन्डामा आएर हात हल्लाएका थिए । रास्वपामा जारी पहिलो महाधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयनका लागि पहिलो चरणको मतदान बुधबार बिहान सुरू हुने छ । केन्द्रीय निर्वाचन आयोगले तेस्रो पटक संशोधन गरेर जारी गरेको निर्वाचन कार्यतालिकामा मंगलबार रातभरिमा निर्वाचन प्रक्रिया सम्पन्न गरेर बुधबार बिहान मतदान सुरू गर्ने उल्लेख छ ।

आयोगका प्रमुख भुवन केसीद्वारा जारी संशोधित कार्यतालिका अनुसार उम्मेदवारी दर्ता, दाबी-विरोध र अन्तिम नामावली प्रकाशनको काम आज रातभरिमा सम्पन्न गरिनेछ । संशोधित तालिका अनुसार महाधिवेशन प्रतिनिधिहरूको अन्तिम नामावली प्रकाशन भइसकेको छ । त्यसपछि सभापति पदमा लामिछानेको मात्रै मनोनयन परेकाले यनी निर्विरोध भएका हुन् ।

# रास्वपा महाधिवेशन लम्बिएपछि फेरि पछि धकेलियो संसदको बैठक

**काठमाडौं ।** संघीय संसद् अन्तर्गत प्रतिनिधिसभाको बैठक विशेष सूचना टाँस गरेर पुनः स्थगित गरिएको छ । संघीय संसद् सचिवालयले भोलि बिहान ११ बजेका लागि पूर्वनिर्धारित गरिएको बैठक विशेष कारणवश स्थगित भएको औपचारिक जानकारी गराएको हो ।

संसद्का महासचिव पद्मप्रसाद पाण्डेयद्वारा जारी गरिएको सूचना अनुसार, अब प्रतिनिधिसभाको अर्को बैठक आगामी १२ गते दिउँसो १ बजे बस्ने तय भएको छ । यसअघि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को राष्ट्रिय महाधिवेशनलाई मध्यनजर गर्दै संसद् बैठक ६ दिनका लागि पर सारिएको थियो । तर, चितवनमा जारी रास्वपाको महाधिवेशन पूर्वनिर्धारित समयभन्दा लम्बिएपछि संसद् सचिवालयले पुनः सूचना जारी गर्दै बैठक आगामी शुक्रवार (१२ गते) सम्मका लागि सार्नुपरेको हो ।

रास्वपाको महाधिवेशनका कारण हाल सिंगो मन्त्रिपरिषद्सहित सो पार्टीका तर्फबाट संसद्मा प्रतिनिधित्व गर्ने सांसदहरू चितवनमै व्यस्त रहेका छन् । सरकारका महत्त्वपूर्ण मन्त्रीहरू र सत्तारुढ दलकै सांसदहरू राजधानीबाहिर रहेका कारण संसद्को नियमित कार्यसूची प्रभावित हुन पुगेपछि संसद् सचिवालयले बैठक स्थगित गर्ने निर्णय लिएको बुझिएको छ ।

# महाधिवेशन छाडेर काठमाडौं फर्किए प्रधानमन्त्री बालेन

**काठमाडौं ।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न नहुँदै प्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह काठमाडौं फर्किएका छन् । महाधिवेशनको उद्घाटन सत्रमा सहभागी भई सम्बोधन गरेका प्रधानमन्त्री शाह बन्दसत्रमा समेत केही समय उपस्थित भएका थिए ।

रास्वपा सभापति रवि लामिछानेलाई सभापतिमा समर्थन जनाएका प्रधानमन्त्री शाह महाधिवेशनको मतदान प्रक्रिया अगाडि बढ्दै गर्दा काठमाडौं फर्किएका हुन् । महाधिवेशनअन्तर्गत केन्द्रीय सदस्य चयनका लागि आज मतदान गर्ने तयारी छ । ९९ जना केन्द्रीय सदस्य पदका लागि ३५५ जनाको उम्मेदवारी परेको छ । पार्टीको केन्द्रीय निर्वाचन आयोगका अनुसार उम्मेदवारहरूको अन्तिम नामावली सार्वजनिक गर्ने तयारी भइरहेको छ भने उम्मेदवारहरू आफ्नो पक्षमा मत माग्न व्यस्त छन् । दर्ता भएका उम्मेदवारीमध्ये भूगोल (प्रदेश) तर्फ १७४ जना, खुलातर्फ ८५ जना र समावेशी समूहतर्फ ९६ जना रहेका छन् । उम्मेदवारको अन्तिम नामावली सार्वजनिक भएलगत्तै विद्युतीय मतदान मेसिन (ईभीएम) मा उम्मेदवारको नाम प्रविष्ट (इन्ट्री) गर्ने काम सुरु हुनेछ । आयोगका अनुसार मेसिनमा नाम इन्ट्री गर्न कम्तीमा ६ घण्टा लाग्नेछ ।

महाधिवेशनमा ४,१०० प्रतिनिधि सहभागी छन् । आयोगको अनुमानअनुसार एक प्रतिनिधिले मतदान गर्न करिब १५ मिनेटको समय लाग्नेछ । मतदानका लागि ८० वटा मेसिनको व्यवस्था गरिएको छ, जसबाट एक पटकमा ८० जनाले मतदान गर्न सक्नेछन् । यो प्रक्रियाअनुसार मतदान सम्पन्न गर्न ८ देखि १० घण्टा लाग्ने देखिएको छ ।

# सीडीओको अध्यक्षतामा सर्वपक्षीय समन्वयात्मक बैठक

**काठमाडौं ।** मुस्लिम समुदायको पर्व दाहा (मोहरम/ताजिया) लाई शान्तिपूर्ण बनाउने उद्देश्यसहित जिल्ला प्रशासन कार्यालय पर्सामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा सर्वपक्षीय समन्वयात्मक बैठक बसेको छ ।

दाहा पर्वलाई मर्यादित तथा धार्मिक सद्भाव कायम राख्दै सम्पन्न गराउने उद्देश्यले बसेको सर्वपक्षीय समन्वयात्मक बैठकले अनुशासित र सौहार्द्रपूर्ण वातावरणमा पर्व मनाउन सबैका लागि नौबुँदे आचारसंहिता जारी गरेको हो । आचारसंहितामा भनिएको छ- 'ज्याली तथा शोभायात्रा प्रशासनले तोकेको रुट, मिति र समयानुसार मात्र सञ्चालन गर्नुपर्ने हुन्छ । कुनै पनि प्रकारका हातहतियार तथा अशान्ति फैलाउने खालका उच्च ध्वनियुक्त उपकरण प्रयोग गर्न पाइने छैन । साथै अन्य धार्मिक समुदायको भावना र सामाजिक सद्भावमा असर पर्ने गतिविधि गर्न निषेध गरिएको छ ।'

त्यसैगरी, आचारसंहितामा प्रत्येक ज्याली वा झाँकीका जिम्मेवार व्यक्तिले आफ्नो विवरण कम्तीमा एक दिनअघि प्रशासनमा बुझाउनुपर्ने, धार्मिक तथा सामाजिक सहिष्णुतामा असर पर्ने सामग्रीको प्रयोग गर्न नपाइने तथा सामाजिक सञ्जालमार्फत भ्रम, वैमनस्यता वा उत्तेजना फैलाउने सामग्री प्रचारप्रसार नगर्न पनि आग्रह गरिएको छ ।

पर्व अवधिभर सुरक्षा व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन मुस्लिम समुदायका तर्फबाट महबुब अली (शेरु आलम) र हिन्दू समुदायका तर्फबाट रञ्जीत शाहलाई सुरक्षा निकायसँग प्रत्यक्ष समन्वय गर्ने जिम्मेवारी तोकिएको छ । प्रमुख जिल्ला अधिकारी भोला दाहालले आधिकारिक पत्र प्राप्त भएपछि जिल्ला सुरक्षा समितिको बैठक बसेर मोहरम पर्वको अन्तिम रुट तथा विस्तृत सुरक्षा योजना तय गरिने जानकारी दिए ।

# नेपाली राजनीतिमा...

आर्थिक सहायताको नाममा होस्, नेपालको संविधानसभामा विषयगत समितिमा पनि क्रिश्चियन समुदायका आईएनजीओको सहायतामात्र होइन्, दर्विलो प्रभावसमेत देखिएको थियो । नेपालको कानुन संशोधनमा पनि केही आईएनजीओको प्रभाव र दबाब छ । नेपालका हरेक संरचनामा कहीं न कहीं आईएनजीओको उपस्थिति हुन्छ ।

सुरक्षा निकायमा होस् वा अदालतमा । ती सब निकायमा प्रवेश गर्ने आइएनजीओमा आवद्धहरूको ठूलो संख्या कम्युनिस्ट नेता-कार्यकर्ताको छ । नेपालमा धर्मान्तरणमा एनजीओ र आईएनजीओहरूको भूमिका छ भनेर व्याख्या हुँदै गर्दा ती एनजीओ र आईएनजीओमा आवद्ध राजनीतिक सम्बन्धसँग निकट देखिनुले पनि यी दुई बीचको एकप्रकारको नेक्सस रहेको देखाइरहन्छ ।

**सहायताको आवरणमा धर्म प्रर्वद्धन**

नेपालमा राजनीतिक रूपमा धर्मनिरपेक्षतासँग क्रिश्चियन समुदायको विस्तारमा मलजल त पुगेको छ नै, पञ्चायतकालदेखि नै आईएनजीओको आवरणमा धर्मान्तरण र प्रचार भइरहेको छ । तत्कालीन राजा वीरेन्द्रको पालामा मात्र होइन, राजा महेन्द्रको पालामै क्रिश्चियन समुदायले विभिन्न आवरणमा नेपालमा सहायता विस्तार गरेका थिए । राजा महेन्द्रकै पालामा पूर्वी रूकुममा सहायताक–ो आवरणमा आईएनजीओको सहायतामा अमेरिकनहरु बाइबल वितरणमा पुगे । त्यसको संस्थागत रूप भने युनाइनेट मिसन टु नेपाल नामक आईएनजीओमार्फत भयो । अर्थात् क्रिश्चियन समुदाय संस्थागत रूपमा चाहिँ यही मिसनबाट नेपालमा काम गर्न थालेका हुन ।

त्योभन्दा विडम्बना चाहिँ ०४६ सालपछि जब आईएनजीओको संख्या ह्वात्तै वृद्धि भयो, त्यससँगै धर्मान्तरण बढ्यो । एनजीओ र आईएनजीओको विस्तारमा ०४६ सालपछि तत्कालिन नेकपा एमालेको भूमिका बढी थियो । कांग्रेसका नेता-कार्यकर्ता आईएनजीओका जागिरे भए । एनजीओ खोल्न लागे । त्यसको सिको गर्दै एमालेका नेताहरु पनि जोडिन सुरू गरे । त्यसैको प्रभाव थियो एमालेले पार्टीमा एनजीओ विभाग नै गठन गर्नु । भलै, त्यो विवादका कारण विघटन भयो तर ०४६ पछि आईएनजीओ विस्तारसँगै दलीय संरचनामा दाताहरुको प्रभाव विस्तार भएको पुष्टि चाहिँ गर्छ ।

आईएनजीओमा आवद्ध नेता, कार्यकर्ताले उठाउने राजनीतिक स्वतन्त्रतासँगै धार्मिक स्वतन्त्रताको मुद्दाले क्रिश्चियनलाई बढ्ता फाइदा पुगेको देखिन्छ । प्रत्येक राजनैतिक परिवर्तनपछि परिवर्तनकारी शक्तिलाई नै मुट्ठीमा कैद गर्ने साम्राज्यवादी रणनीति उनीहरूले अख्तियार गरेको देखिन्छ । नेपालको पछिल्लो परिवर्तनकारी शक्ति माओवादीलाई पनि अन्ततः उसले यही रणनीतिबाट उम्कन दिएन । अहिले पनि उत्तिकै सशक्तताका साथ नेपाली राजनीतिलाई उसले आफ्नो प्रभाव बिस्तारको लागि प्रयोग गरिरहेको छ । *-**मूलप्रवाह**बाट ।*



# चुरे बस्तीमा बाघ आतङ्क

**महोत्तरी ।** महोत्तरीको चुरेकाछका बस्तीमा बाघको आतङ्क बढेको छ । जिल्लाको पूरै चुरे क्षेत्र ओगटेको बर्दिबास नगर क्षेत्रका काछ बस्तीमा पछिल्लो साता बाघको आतङ्क बढेको हो ।

गत आइतबार बर्दिबास–५ टुटेश्वर सिरानको वरडाँडा बस्तीमा राति गोठ पसेर घरपालुवा पशुबस्तु मारेको बाघ अहिले नगरको पूर्वी काछ बस्तीमा आइपुगेको छ । गोठ पसेर गाईगोरु, बोका, बाखा र सुँगुर मार्ने वन्यजन्तु पाटे बाघ भएको शुक्रबार राति पहिचान भएको छ । 'लगातार चार दिनदेखि बर्दिबास–३ को रातु नदीको पश्चिमतिरको पाटु डाँडामा राति बोका, बाखा र सुँगुर मारेको थियो, कुन जन्तु हो एकिन भएको थिएन', बर्दिबास–३ का वडाध्यक्ष विराट विष्टले भने, 'शुक्रबार राति भने पहरा दिएर बसेका गाउँलेले सानो बच्चा (डमरु) सहित पाटेबाघ देखेका हुन् ।' राँको बालेर टिन ठटाएपछि बाघ घना जङ्गलभित्र पसेको पाटुकै बासिन्दा कारेभोगटे सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रमेश पौडेल खत्रीले बताए ।

'हाम्रो बस्तीमा बुधबार रातिदेखि लगातार सुँगुर, बोका र बाखा खोरबाटै थुतेर मारेको थियो, कहिले मार्‍यो चिनिएको थिएन', खत्रीले भने, 'हिजो शुक्रबार साँझैदेखि पहरा दिएर बस्यौँ, बच्चासहितको पाटे बाघ देखियो ।' शुक्रबार राति बाघ जङ्गल पसेपनि स्थानीय आतङ्कित भएका छन् । बाघले बुधबार राति पाटु डाँडाका कृष्णबहादुर मगरको सुँगुरको चार/पाँच धार्नीको पाठो र बिहीबार राति रूपमायाँ खड्काको आठ/नौ धार्नीको बोका र गर्भिणी बाखा खोरबाटै थुतेर लगेर मारेको थियो ।

यसअघि करिब १५ किलोमिटर पश्चिमको बर्दिबास–५ वरडाँडामा बाघले साताको प्रारम्भमा सो बस्तीका प्रेमबहादुर थिङ्को लैनो गाई र वृजबहादुर थिङ्को बाछो मारेको थियो । वरडाँडाका बासिन्दाले पनि मङ्गलबार राति राँको बालेर होहल्ला गरेपछि बाघ पूर्व लागेको थियो । बाघको आतङ्क बढेपछि बस्ती वरपर खेतबारी हिँडडुलमा पनि डर भएको पाटुकै बासिन्दा ओमबहादुर खड्का बताउनुहुन्छ । अहिले चुरे काछका बासिन्दाहरू बाघ बस्ती पस्न नदिन वनसम्बन्ध अधिकारीसँग गुहार लगाइ रहेका छन् ।

यसैबीच, चुरे क्षेत्रका सामुदायिक वन उपभोक्ता समिति र वनसम्बद्ध यस क्षेत्रका कार्यालयले साँझपख हिँडडुल नगर्न, बस्ती वरपर चनाखो भएर रहन र घरपालुवा पशुबस्तु खोर वा गोठमा बन्दिलो गरी सुरक्षित राख्न अपिल गरेका छन् ।

# गोली प्रहार गरी तीन जना लागूऔषध कारोबारी पक्राउ

**काठमाडौँ ।** लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरको टोलीले गोली प्रहार गरी तीन जना लागूऔषधको क्रोनिक कारोबारीलाई आज काठमाडौँको बालकुमारीबाट पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कैलाली टिकापुर नगरपालिका–५ का २५ वर्षीय अशोक भुल, सप्तरी राजगढ गाउँपालिका–३ का २० वर्षीय निरजकुमार मण्डल तथा पर्सा पटेर्वा सुगौली गाउँपालिका–४ का ३९ वर्षीय किशोरप्रसाद ओभैया रहेका लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरका प्रवक्ता एवं प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीले जानकारी दिए । उनले भने, 'काठमाडौँ उपत्यकामा लागूऔषध सप्लाई गर्ने गिरोहको सूक्ष्म निगरानी गर्ने क्रममा काठमाडौँ महानगरपालिका–३२ बालकुमारी पुलमुनि भारतको वासमतियाबाट काठमाडौँ उपत्यकासम्म लागूऔषध खैरो हेरोइन ल्याई बिक्री गर्दै गरेको अवस्थामा कारोबारमा संलग्न व्यक्तिहरूलाई पक्राउ गरिएको हो ।'

उनीहरूलाई नियन्त्रणमा लिन खोज्दा प्रहरी टोलीमाथि आक्रमण गरी भाग्ने क्रममा चेतावनीस्वरूप दुई राउन्ड हवाई फायर गरी रोकिन अनुरोध गर्दा नरोकी भागी रहेकाले किशोरप्रसाद ओभैयाको दाहिने खुट्टाको घुँडामुनि एक राउन्ड गोली प्रहार गरी निजसहित तीन जनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । गोली लागी घाइते भएका किशोरप्रसाद ओभैयालाई तत्काल राष्ट्रिय ट्रमा सेन्टर पुर्‍याई अहिले उपचार भइरहेको प्रवक्ता रेग्मीले बताए । ब्यूरोको टोलीले पक्राउ परेकाहरूका साथबाट लागूऔषध खैरो हेरोइन ३०० ग्राम, मोबाइल चार थान बरामद गरी थप अनुसन्धान भइरहेको जनाएको छ ।

यसैगरी, किशोरप्रसाद ओभैया लागूऔषध मुद्दामा तीन वर्ष कैद र रु एक लाख चार हजार जरिवाना भुक्तान गरी मिति २०८२ पुस १७ गते नक्खु कारागारबाट छुटेको अभिलेखबाट देखिएको प्रवक्ता रेग्मीले जानकारी दिए ।

# हत्यामा संलग्न भएको आरोपमा तीन जना पक्राउ

**भक्तपुर ।** प्रहरीले हत्यामा संलग्न भएको आरोपमा तीन जनालाई पक्राउ गरेको छ । भक्तपुर नगरपालिका–१ नगरकोटमोड बस्ने महोत्तरी मिथिला नगरपालिका–९ घर भएका २८ वर्षीय आकाश रसाइलीको हत्यामा संलग्न रहेको अभियोगमा प्रहरीले आज तीन जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा भक्तपुर सल्लाघारी बस्ने उदयपुर घर भएका ३१ वर्षीय आयुष कार्की, झापा घर भएका २७ वर्षीय दोर्जे शेर्पा र गुल्मी घर भएका ३५ वर्षीय रमेश कुवँर रहेका प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक प्रकाश जवेगुले जानकारी दिए ।

नगरकोट रोडमा सोमबार राति करिब १०:०० बजे विवाद भएपछि रसाइलीलाई चक्कु प्रहार गरी फरार भएको र घटनापछि पुगेको प्रहरीले उपचारका लागि काठमाडौँ मेडिकल कलेज दुवाकोटमा लगेकामा आज बिहान उपचारकै क्रममा मृत्यु भएको थियो । प्रहरीले पक्राउ परेका तीन जनालाई हिरासतमा राखेर घटनाबारे थप अनुसन्धान गरिरहेको उनले जानकारी दिए ।

# भेनेजुयलामा शक्तिशाली एकैसाथ दुई भूकम्प

**काराकास ।** भेनेजुयलामा बुधबार साँझ एक मिनेटको अन्तरमा आएका ७.२ र ७.५ म्याग्निच्युडका दुई शक्तिशाली भूकम्पले देशका विभिन्न भागमा व्यापक क्षति पुर्‍याएका छन् । राजधानी काराकाससहित धेरै सहरमा भवनहरू हल्लिएका, केही संरचनाहरू भत्किएका तथा हजारौँ मानिस घरबाट बाहिर निस्कन बाध्य भएका छन् । अधिकारीहरूले आपत्कालीन अवस्था घोषणा गर्दै उद्धार तथा राहत अभियान तीव्र बनाएका छन् ।

भूकम्पपछि राष्ट्रका नाममा सम्बोधन गर्दै कार्यवाहक राष्ट्रपति डेल्सी रोड्रिगजले धेरै राज्यहरू प्रभावित भएको जानकारी दिए । उनले क्षतिग्रस्त घर तथा भवनहरूको यकिन विवरण, घाइते वा मृत्युको आधिकारिक स‌ङ्ख्या भने सार्वजनिक गर्नुभएको छैन । सरकारले नागरिकहरूलाई शान्त रहन, एकताबद्ध हुन तथा सरकारी निकायहरूसँग समन्वय गर्न आग्रह गरेको छ । रोड्रिगजका अनुसार देशको मुख्य हवाई प्रवेशद्वार सिमोन बोलिभर अन्तर्राष्ट्रिय विमानस्थलमा समेत क्षति पुगेको छ । क्षतिको गम्भीरताका कारण विमानस्थल बन्द गरिएको छ भने विद्यालयका कक्षाहरू केही दिनका लागि स्थगित गरिएका छन् । शिक्षा मन्त्रालयले केही विद्यालयलाई अस्थायी आश्रयस्थल र राहत वितरण केन्द्रका रूपमा प्रयोग गरिने जनाएको छ ।

स्वास्थ्यकर्मीहरूलाई अस्पतालमा उपस्थित भएर घाइतेहरूको उपचारमा सहयोग गर्न सरकारले आह्वान गरेको छ । तटीय फाल्कन राज्यका गभर्नर भिक्टर क्लार्कका अनुसार कम्तीमा ३२ जना अस्पतालमा भर्ना भएका छन् भने भूकम्प गएको चार घण्टापछि पनि १५ जना भग्नावशेषमा फसेका थिए । अमेरिकी भूगर्भ सर्वेक्षणले पहिलो भूकम्पको तीव्रता सुरुमा ७.१ मापन गरे पनि पछि ७.२ मा संशोधन गरेको थियो । यसको केन्द्र काराकासबाट करिब १६८ किलोमिटर पश्चिममा क्यारिबियन तटीय क्षेत्रको मोरोन समुदाय नजिक रहेको थियो । २२ किलोमिटर गहिराइमा गएको पहिलो भूकम्पपछि एक मिनेटमै ७.५ म्याग्निच्युडको दोस्रो भूकम्प आएको थियो । दोस्रो भूकम्पको केन्द्र मोरोनबाट १६ किलोमिटर दक्षिणपश्चिममा तथा १० किलोमिटर गहिराइमा रहेको जनाइएको छ ।

एक शताब्दीभन्दा बढी अवधिमा भेनेजुयलामा महसुस गरिएका सबैभन्दा शक्तिशाली भूकम्पमध्ये यी दुईलाई मानिएको छ । स्थानीय समयअनुसार साँझ ६ बजेपछि आएका ती भूकम्पका कारण राजधानी काराकासका मानिसहरू घर, कार्यालय र व्यापारिक भवनबाट बाहिर निस्किएका थिए । कतिपय क्षेत्रमा पर्खालहरू भत्किएका, सडकमा सामान छरिएका र धुलोका मुस्लाहरू उडेको देखिएको थियो । सूर्यास्तपछि पनि हजारौँ मानिसहरू सडक, खुला स्थान तथा पार्कमा बसेका थिए । धेरैले आफ्ना घरपालुवा जनावरलाई साथमा लिएर खुला स्थानमा रात बिताएका थिए । कतिपय सडकहरूमा ढलेका संरचना, बिजुलीका खम्बा र भग्नावशेषले आवागमन अवरुद्ध बनाएको थियो । राजधानीका केही क्षेत्रमा विद्युत् सेवा तथा मोबाइल सञ्जालसमेत अवरुद्ध भएको छ ।

काराकास निवासी हेक्टर रिक्कीले सुरुमा हल्का कम्पन महसुस भए पनि केही क्षणमै भूकम्प अत्यन्त शक्तिशाली बनेको बताए । उहाँका अनुसार सबै मानिस घरबाट बाहिर निस्केर खुला स्थानमा भेला हुन बाध्य भएका थिए । सरकारले राजधानीमा मेट्रो सेवा तथा प्राकृतिक ग्यास आपूर्ति अस्थायी रूपमा बन्द गरेको छ । नागरिकहरूलाई सरकारी मोबाइल एपमार्फत आफ्नो क्षेत्रको क्षति विवरण उपलब्ध गराउन पनि आग्रह गरिएको छ ।

मोबाइल सञ्जाल अवरुद्ध हुँदा देशबाहिर रहेका लाखौँ भेनेजुएलीहरूमा आफ्ना परिवारसँग सम्पर्क गर्न नसक्दा चिन्ता बढेको छ । विदेशमा निर्वासनमा रहेकी विपक्षी नेतृ मारिया कोरिना मचाडोले सामाजिक सञ्जालमार्फत देशवासीलाई धैर्य र एकताको सन्देश दिनुभएको छ । गृहमन्त्री डिओसडाडो क्याबेलोले भूकम्प धेरै राज्यहरूमा महसुस गरिएको बताउँदै केही स्थानमा भवन र घरहरूमा गम्भीर क्षति पुगेको जानकारी दिए । उनले आपत्कालीन सवारीसाधनलाई प्राथमिकता दिन तथा बालबालिका र ज्येष्ठ नागरिकको विशेष हेरचाह गर्न आग्रह गर्नुभयो । सम्भावित परकम्पका कारण नागरिकहरूलाई खुला स्थानमा बस्न पनि सुझाव दिइएको छ । काराकास निवासी रोबर्टो गामासले भवन एक छेउबाट अर्को छेउसम्म अत्यन्त तीव्र रूपमा हल्लिएको बताए । उहाँका अनुसार भूकम्पको शक्तिशाली धक्काले घरभित्रका सामानहरू खसेका थिए र मानिसहरूलाई सुरक्षित रूपमा बाहिर निस्कन निकै कठिन भएको थियो ।

भूकम्पपछि अन्तर्राष्ट्रिय समुदायबाट पनि सहानुभूति र सहयोगका प्रस्ताव आएका छन् । संयुक्त राज्य अमेरिका, चिली, एल साल्भाडोर तथा इक्वेडरले आवश्यक मानवीय सहायता उपलब्ध गराउन तत्पर रहेको जनाएका छन् । अमेरिकी उपविदेशमन्त्री क्रिस्टोफर लान्डाउले भेनेजुएली जनतासँग अमेरिका एकताबद्ध रहेको बताएका छन् । एल साल्भाडोरका राष्ट्रपति नायब बुकेले पनि सामाजिक सञ्जालमार्फत सहानुभूति व्यक्त गर्दै सहयोगको प्रस्ताव गर्नुभएको छ । इक्वेडरका राष्ट्रपति डेनियल नोबोआले तत्काल मानवीय सहायता पठाउन निर्देशन दिएको जानकारी दिनुभएको छ । भूकम्पको प्रभाव छिमेकी देशहरूमा समेत महसुस गरिएको छ । ब्राजिलको अमेजन क्षेत्रका मनाउस, बेलेम र मकापा सहरमा भवनहरू खाली गराइएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । कोलम्बियाको क्यारिबियन तथा उत्तरपूर्वी क्षेत्रमा पनि कम्पन महसुस गरिएको भए पनि त्यहाँ क्षति वा मानवीय हानि भएको विवरण प्राप्त भएको छैन ।

प्रशान्त सुनामी चेतावनी केन्द्रले भूकम्पपछि केही समयका लागि सुनामीसम्बन्धी चेतावनी जारी गरे पनि पछि ती चेतावनीहरू फिर्ता लिइएको जनाएको छ । भेनेजुयलामा यस्ता शक्तिशाली भूकम्प कमै आउने भए पनि देश दक्षिण अमेरिकी र क्यारिबियन टेक्टोनिक प्लेटको सीमाक्षेत्र नजिक अवस्थित छ । यद्यपि मेक्सिको र चिलीजस्ता प्रशान्त तटीय राष्ट्रहरूको तुलनामा यहाँ ठूलो भूकम्प कम हुने गर्छ । वैज्ञानिकहरूका अनुसार विश्वका करिब ९० प्रतिशत भूकम्प हुने 'रिङ अफ फायर' क्षेत्रमा पर्ने देशहरूमा यस्ता घटनाहरू बढी दोहोरिने गरेका छन् ।

**कम्तीमा १६४ जनाको मृत्यु, संरचनामा ठूलो क्षति**

यसैबीच, एक शताब्दीभन्दा बढी समयमा भेनेजुयलामा गएका दुई ठूला विनाशकारी भूकम्पका कारण बिहीबार दिउसोसम्म कम्तीमा १६४ जनाको मृत्यु भएको त्यहाँको सरकारले पुष्टि गरेको छ । भूकम्पमा परी राजधानी र नजिकैका धेरै भवनहरूमा व्यापक क्षति पुगेको छ । बिहीबार स्थानीय बासिन्दाहरू आफ्नै क्षमतामा हराएका आफन्तहरूको खोजीमा व्यस्त देखिएका पाइन्थ्यो ।

बुधबार साँझ राजधानीको पश्चिमी क्षेत्रमा ७.२ म्याग्निच्युड र ७.५ म्याग्निच्युडको भूकम्प भेनेजुयलाको सन् १९०० यताको सबैभन्दा शक्तिशाली भूकम्प भएको भूगर्भ सर्वेक्षण अधिकारीहरूले जनाएका छन् । उद्धारकर्मी र स्थानीयहरूले भूकम्पपछि भत्किएका अपार्टमेन्टहरूमा अँध्यारोमा माथि चढेर बाँचेकाहरूको खोजी गर्न र भग्नावशेषमुनि पुरिएकाहरूलाई निकाल्ने प्रयास गरिरहेको देखिन्थ्यो ।

फ्रान्स, स्पेन र अमेरिकाले तत्काल उद्धार टोली पठाउने प्रस्ताव गरेका छन् । अमेरिकी भौगर्भिक सर्वेक्षणका अनुसार बुधबार साँझ राजधानीको पश्चिमी क्षेत्रमा म्याग्निच्युड ७.२ र ७.५ को भूकम्प गएको थियो । उद्धार र खोजी कार्य जारी रहेको र भूकम्पले ठूलो क्षति पुर्‍याएको अधिकारीहरूले बताएका छन् । क्षतिको प्रकृति हेर्दा मृतक सङ्ख्या अहिलेकोभन्दा निकै बढ्ने अनुमान गरिएको उनीहरूले बताएका छन् । अन्तरिम राष्ट्रपति डेल्सी रोड्रिगेजले कम्तीमा १६४ जनाको मृत्यु भएको र ९७० भन्दा बढी घाइते भएको बताएका छन् । भूकम्पका कारण राजधानी काराकासको उत्तरमा रहेको ला गुएरा राज्य सबैभन्दा बढी प्रभावित भएको छ ।

ला गुएराको काटिया ला मार शहरमा आफ्नो परिवार पुरिएको भत्किएको भवनको अगाडि उभिएका ४९ वर्षीय ल्यारी रोहासले एएफपीसँग भने– 'अहिले हामीसँग केही पनि छैन । न त शक्ति छ, न साहस नै । उद्धारका लागि भग्नावशेषमा पस्ने कल्पना पनि गर्न सकिँदैन । भूकम्पपछि लगातार पराकम्पहरू गइरहेका छन् ।' तटीय शहरमा विद्युत आपूर्ति बन्द भएका छन् र धेरै बासिन्दाहरू सडकमा रात बिताएका वा आफन्तहरूको खोजीमा व्यस्त रहेका सञ्चारकर्मीहरूले बताएका छन् । बुधबार गएको ७.५ म्याग्निच्युडको भूकम्प सन् १९०० अक्टोबर २९ मा समुद्रमा गएको ७.७ म्याग्निच्युडको भूकम्पपछि गएको भेनेजुयलाको सबैभन्दा शक्तिशाली भूकम्प हो ।

**उपकरण र जनशक्तिको अभावमा उद्धारकार्य प्रभावित**

बुधबारको भूकम्पपछि केही आवासीय भवनहरूमा ठूला चिरा परेका र पर्खालहरू भत्किएका थिए भने दर्जनौं भवन पूरै ध्वस्त भएका थिए । 'त्यहाँ मानिसहरू जीवित छन् तर कसैले उनीहरूलाई बचाउन आइरहेको छैन', एउटी महिलाले आफ्नी छोरीको उद्धारमा खटेका स्थानीयमार्फत् खबर पर्खिरहँदा भग्नावशेषको एक छेउमा सञ्चारकर्मीसँगको प्रतिक्रियामा बताइन्– 'छोरी १२ तले भवन भत्किएर बनेको भग्नावशेषमा पुरिएकी छन् ।'

फ्रान्सले ८५ जना उद्धारकर्मी पठाउने र स्पेनले ५४ जना सैनिक उद्धार तथा खोजी टोली पठाउने घोषणा गरेको छ । चीन, भारत, ब्राजिल र अमेरिका लगायतका देशहरूले पनि सहयोगको प्रस्ताव गरेका छन् । 'अमेरिकाले तत्काल खोज तथा उद्धार टोली, चिकित्सा सामग्री र मानवीय सहायता भेनेजुयला पठाउने तयारी गरिसकेको छ,' अमेरिकी विदेशमन्त्री मार्को रुबियोले बिहीबार भने ।

मोरोन तटीय शहरबाट २१ किलोमिटर पश्चिममा केन्द्रविन्दु बनाएर ७.२ पहिलो भूकम्प बुधबार साँझ १०:०४ बजे गएको थियो । एक मिनेटभित्रै त्यसको ४५ किलोमिटर टाढा ७.५ म्याग्निच्युडको दोस्रो भूकम्प गएको अमेरिकी भौगर्भिक सर्भेक्षण विभागले जनाएको छ । गृहमन्त्री डियोस्डाडो काबेल्लोले सुरक्षाको लागि धेरै भवनहरूमा ग्यास आपूर्ति बन्द गरिएको र जनतालाई घरबाट बाहिर निस्कन आग्रह गरेका छन् ।

'हाम्रा केही संरचनाहरू क्षतिग्रस्त छन् र हामी ग्याससम्बन्धी कुनै दुर्घटना हुनबाट रोक्न ग्यासको आपूर्तिलाई बन्द गरेका छौं'– उनले भने । काराकास नजिकै रहेको माइक्वेटिया अन्तर्राष्ट्रिय विमानस्थल पूर्वाधारमा 'गम्भीर क्षति' भएकाले बन्द गरिएको छ । सामाजिक सञ्जालहरूमा विमानस्थलको क्षतिग्रस्त तस्बिरहरू सार्वजनिक भएका छन् । भूकम्पले राजधानीमा त्रास फैलाएको थियो र मानिसहरू सडकमा निस्किएका देखेको एएफपीका पत्रकारहरूले बताएका छन् ।

एएफपीका एक पत्रकारले राजधानीको अल्टामिरा इलाकामा एउटा २२ तले भवन पूरै ध्वस्त भएको आफूले देखेको पुष्टि गरेका छन् । भूकम्प क्रमशः २२ किलोमिटर र १० किलोमिटरको गहिराइमा केन्द्रविन्दु बनाएर गएका थिए । काराकासको एउटा व्यापारिक भवनमा भूकम्पले त्रास फैलाएको एएफपी पत्रकार खिचेको तस्बीरमा देख्न सकिन्छ । 'यो अविश्वसनीय थियो, मलाई थाहा छैन कति समयसम्म चलेको थियो'– पसल सञ्चालक हेडी रोमेरोले भने । भूकम्प जाँदा आफू माथिल्लो तलामा रहेको उनले बताए । 'हामीलाई 'आकस्मिक प्रयोग' का लागि बनाइएको भर्‍याङबाट बाहिर निस्किन सहयोग गरिएको थियो'– ४२ वर्षीया रोमेरोले बताए ।

राजधानीका धेरै मानिसहरू भवनबाट बाहिर निस्केर केही समय बाहिर बसेपछि कार्यालय र घर फर्किएका थिए । भूकम्पबाट टुजिलो, काराबोबो, मिरान्डा र ला गुएरा राज्य सबैभन्दा बढी प्रभावित भएका छन् । भूकम्पको प्रभाव कोलम्बियाको राजधानी बोगोटासम्म महसुस गरिएको थियो । त्यहाँ पनि भूकम्पको चेतावनी दिँदै घण्टी बजेपछि केही बासिन्दाहरू सतर्कताका लागि भवनबाट बाहिर निस्किएका थिए ।

भूकम्पका लागि जोखिमयुक्त मानिने भेनेजुयलाको हालैका इतिहासमा सबैभन्दा शक्तिशाली भूकम्प सन् १९९७ मा उत्तर-पूर्वमा गएको थियो जसमा ७३ जनाको मृत्यु भएको थियो । त्यस्तै अर्को सन् १९६७ मा काराकासमा गएको भूकम्पमा २३६ जनाले ज्यान गुमाएका थिए ।

# अमेरिकी आप्रवासी हिरासतको मृत्युदर दशककै उच्च : अधिकार समूह

**न्युयोर्क ।** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आप्रवासीहरू विरुद्धको कडा कदमको बीचमा अध्यागमन र भन्सार प्रवर्तन (आईसीई) हिरासतमा मृत्यु वरण गर्ने व्यक्तिको सङ्ख्या एक दशककै उच्च स्थरमा पुगेको जनाइएको छ ।

सन् २०२५ जनवरीमा ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि आईसीई हिरासतमा कम्तिमा ५२ जनाको मृत्यु भएको 'ह्युमन राइट्स वाच' र 'फिजिसियन्स फर ह्युमन राइट्स' को संयुक्त प्रतिवेदनले पुष्टि गरेको छ । ट्रम्पले आफ्नो दोस्रो कार्यकालमा अवैध आप्रवासन नीतिलाई उच्च प्राथमिकता दिएसँगै अमेरिकि अधिकारीहरूले हजारौं मानिसहरूलाई हिरासतमा लिएको जनाइएको छ ।

सन् २०२५ जनवरी देखि सन् २०२६ को जनवरी सम्म, आईसीई हिरासतमा वार्षिक मृत्यु दर एक वर्ष अघिको तुलनामा १४० प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ । मृत्युदर ट्रम्पका पूर्ववर्ती जो बाइडेनको शासनकालमा भन्दा लगभग चार गुणा र सन् २०१७ देखि २०२१ सम्म रिपब्लिकनको पहिलो कार्यकालको तुलनामा दुई गुणा बढी रहेको प्रतिवेदनले जनाएको छ ।

हिरासतमा मृत्युदर उच्च स्थरमा बढेको प्रतिवेदनको सह-लेखक एचआरडब्लु अनुसन्धानकर्ता रेगन विलियम्सलाई उद्दृत गर्दै एएफपीले जनाएको छ । हिरासतमा रहेका एक जना व्यक्तिलाई नजरबन्दमा स्ट्रोक भएको भए पनि उपयुक्त औषधि उपचार नगरिएको विषयलाई प्रतिवेदनमा साभार गरिएको छ ।

यसैगरी, अर्को उदाहरणका लागि एक जना मेक्सिकनको हृदयघात पछि आवाश्यक उपचारको अभावमा मृत्यु भएको उल्लेख गरिएको छ । प्रतिवेदनमा आप्रवासन हिरासत केन्द्रहरू बढ्दै जाँदा, चिकित्सा सेवामा कमि आएको जनाइएको छ । हार्वर्ड मेडिकल स्कुलकी बालरोगकी सहायक प्राध्यापक र प्रतिवेदनकी सह-लेखिका क्याथरिन पिलरले आईसीई बन्दीहरूलाई सुरक्षा दिन अमेरिकी सरकार असफल भएको बताएका छन् ।

प्रतिवेदनले आईसीई हिरासतमा आत्महत्या गर्ने मानिसहरूको ठूलो संख्यालाई पनि प्रकाश पार्दै सन् २०२५ जनवरी देखि सनु २०२६ जनवरीसम्म सात जनाको मृत्यु भएको जनाइएको छ ।

# उत्तरपूर्वी जापानमा ७.२ म्याग्निच्युडको भूकम्प, ४ जना घाइते

**टोकियो ।** उत्तरपूर्वी जापानमा ७.२ म्याग्निच्युडको भूकम्प आउदाँ कम्तीमा चार जना घाइते भएको जनाइएको छ ।

जापान मौसम विज्ञान एजेन्सी र स्थानीय अग्निशमन विभागले विज्ञप्ति जारी गर्दै भूकम्प इवाटे प्रान्तको प्रशान्त तटमा ४४ किलोमिटर गहिराइमा आएको जनाएको छ । हासिकामी र हाचिनोहेका स्थानीय अग्निशमन विभागका अनुसार चार जना घाइतेलाई उपचारका लागि अस्पताल लगिएको छ ।

विभागले आगामी हप्तासम्म जापानी भूकम्प तीव्रता मापनको उच्च स्थरको भूकम्पका लागि जनतालाई सतर्क रहन आग्रह गरेको छ । जापान चार टेक्टोनिक प्लेटहरूको छेउमा अवस्थित भएकाले तथा १०० वटा सक्रिय ज्वालामुखीहरूको उपस्थती रहेकाले यसलाई उच्च भूकम्पीय गतिविधिको जोखिममा रहेको राष्ट्रका रूपमा चिनिन्छ ।

यसअघि सन् २०११ मा जापानमा आएको ९.० म्याग्निच्युडको भूकम्प र त्यस पछि आएको सुनामीको कारण १५ हजार भन्दा बढी मानिसको ज्यान गएको थियो ।

# हर्मुजमा इरानको चेतावनी

**तेहरान ।** इरानले हर्मुज जलघाँटीबाट पूर्वअनुमति बिना हुने कुनै पनि समुद्री आवागमनविरुद्ध कडा चेतावनी दिएको छ । इरानी रिभोलुसनरी गार्ड्सले बिहीबार आधिकारिक मार्गबाहेक हुने आवतजावतलाई अस्वीकार्य र जोखिमपूर्ण भन्दै त्यस्ता जहाजहरूमाथि कारबाही गरिने जनाएको छ ।

इरान-अमेरिका युद्धविरामपछि हर्मुज जलघाँटीको सञ्चालन र भविष्यबारे तेहरान र वासिङटनबीच मतभेद कायम रहेका बेला इरानको यो चेतावनी सार्वजनिक भएको हो । ऊर्जा आपूर्तिका दृष्टिले विश्वकै महत्त्वपूर्ण समुद्री मार्ग मानिने हर्मुज युद्धका क्रममा केही समय अवरुद्ध भएको थियो । रिभोलुसनरी गार्ड्सले जारी गरेको विज्ञप्तिमा इरानले तोकेको समुद्री मार्ग मात्रै हर्मुज पार गर्ने आधिकारिक बाटो भएको उल्लेख गरिएको छ । अनुमति नलिई गरिने कुनै पनि आवागमन अस्वीकार्य र अत्यन्त खतरनाक हुने चेतावनी दिँदै त्यस्ता गतिविधिमाथि आवश्यक कारबाही गरिने जनाएको छ ।

विज्ञप्तिमा केही अधिकारीहरूले प्रस्ताव गरेका भनिएका वैकल्पिक समुद्री मार्गहरूको समेत आलोचना गरिएको छ । इरानले आफ्नो तटसँगै रहेको समुद्री करिडोरलाई हाल एकमात्र मान्य मार्गका रूपमा मान्यता दिएको छ । विश्वको कच्चा तेल र तरल प्राकृतिक ग्यासको करिब २० प्रतिशत आपूर्ति यही जलघाँटी हुँदै हुने गर्दछ । इरान र खाडी मुलुकहरूबीच रहेको यो समुद्री मार्ग सबैभन्दा साँघुरो स्थानमा करिब ३० किलोमिटर चौडा मात्र छ ।

तेहरानले युद्धपछि समुद्री सेवा शुल्क लागू गर्ने योजना अघि सारेको छ । इरानको धारणा अनुसार जलघाँटी प्रयोग गर्ने जहाजहरूले सेवा शुल्क तिर्नुपर्नेछ । तर संयुक्त राज्य अमेरिकाले हर्मुजलाई अन्तर्राष्ट्रिय जलमार्ग भएको उल्लेख गर्दै कुनै शुल्क वा टोल स्वीकार्य नहुने बताउँदै आएको छ । गत साता इरान र अमेरिकाबीच सम्पन्न युद्ध अन्त्यसम्बन्धी समझदारीअनुसार व्यापारिक जहाजहरूले आगामी ६० दिनसम्म निःशुल्क रूपमा जलघाँटी प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ । तर त्यसपछिको व्यवस्थाबारे दुवै पक्षबीच अझै स्पष्ट सहमति हुन सकेको छैन । यसैबीच, हर्मुज जलघाँटीसँग जोडिएका इरान र ओमानले जलमार्ग व्यवस्थापनसम्बन्धी सेवाको लागत र सम्भावित शुल्कबारे संयुक्त अध्ययन गर्ने घोषणा गरेका छन् ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यसै साता खाडी मुलुकहरूको भ्रमणका क्रममा वासिङ्टनले कुनै पनि प्रकारको अतिरिक्त शुल्क वा समुद्री कर स्वीकार नगर्ने स्पष्ट पार्नुभएको थियो । हर्मुज जलघाँटीको व्यवस्थापन र शुल्कसम्बन्धी विवादले आगामी वार्तामा थप महत्त्व पाउने सङ्केत देखिएको छ ।

# हङ्गेरीका राष्ट्रपतिलाई हटाउने प्रधानमन्त्रीको योजना विवादमा

**बुडापेस्ट ।** हङ्गेरीका प्रधानमन्त्री पीटर माग्यारले संविधान संशोधन गरी आफ्ना पूर्ववर्ती भिक्टर ओरबानका सहयोगी राष्ट्रपतिलाई हटाउने योजना सार्वजनिक भएपछि बिहीबार यस कदमको आलोचना भएको छ ।

माग्यारको सरकारले सोमबार संविधान संशोधनको मस्यौदा प्रकाशित गरेको थियो जसले राष्ट्रपतिको कार्यकाल तत्काल समाप्त गर्ने व्यवस्था गरेको छ । राष्ट्रपति तामास सुल्योकले माग्यारको राजीनामा माग्ने आह्वान अस्वीकार गरेका छन् । प्रधानमन्त्री माग्यारको दलले ओरबानको १६ वर्ष लामो शासनपछि 'व्यवस्था परिवर्तन' को वाचा गर्दै अप्रिलमा भएको निर्वाचनमा संसद्‌को दुई तिहाईभन्दा बढी सिट जितेको छ ।

प्रसिद्ध राजनीतिक विश्लेषक गाबोर टोरोकले भन्नुभएको छ, 'माग्यारको पार्टीले दुई तिहाई बहुमत भएकाले संसद्‌बाट पास गर्न सक्छ भन्ने संविधान संशोधनको बिषयले दीर्घकालीन नजिर बसाल्ने छ र यसले कानुनको शासनसम्बन्धी चिन्ता बढाएको छ ।' टोरोकले बिहीबार फेसबुकमा भन्नुभएको छ, 'टेबलमा हतियार राखियो भने त्यसलाई प्रयोग गर्न पनि सकिन्छ भन्ने अर्थ हुन्छ । एक पटक हतियार प्रयोग भएपछि त्यो सम्भावना मात्र होइन, विकल्पहरूको सूचीमा सामेल हुन्छ ।' माग्यारले टोरोकको पोस्टमा कमेन्ट गर्दै भने, 'जनताको लोकतान्त्रिक इच्छा र प्राप्त जनादेशविरुद्ध जानु उपयुक्त हुँदैन ।' माग्यारको सरकारले राष्ट्रपति सुल्योकलाई 'कठपुतली' शासकको उपमा दिएको छ यसले सरकारप्रतिको विश्वास गुमेको टोरोकले भने ।

मङ्गलबार मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले पनि प्रस्तावित संविधान संशोधनको आलोचना गर्दै 'यो स्वीकार्य छैन' भनेको छ । संस्थाले राष्ट्रपति सुल्योकलाई 'उचित प्रक्रिया' को हक भएको र उहाँलाई पदबाट हटाउन 'उपयुक्त कानुनी सुरक्षा' मात्र हुनुपर्ने बताएको छ । 'यदि यो सुनिश्चिततासबैलाई लागू हुँदैन भने, हामी कसैगरी पनि मनपरीबाट सुरक्षित छैनौं', एम्नेस्टीले भनेको छ, 'साँचो व्यवस्था परिवर्तन केवल निष्पक्ष प्रक्रिया पालना गरेर मात्र सम्भव छ ।' संस्थाले पाँच दिनको छोटो सार्वजनिक परामर्श अवधिको पनि आलोचना गरेको छ ।

राष्ट्रपति सुल्योकले संवैधानिक अदालतमा मुद्दा दायर गरेका छन् र युरोपेली परिषद्‌को कानुनी सल्लाहकार निकाय भेनिस आयोगमा पनि अपील गरेका छन् । उनले मग्यारको राजीनामा माग्ने कदम 'अकल्पनीय' र असंवैधानिक भएको तर्क गरेका छन् । सोमबार प्रकाशित मस्यौदामा राष्ट्रिय सार्वजनिक सम्पत्ति पुनःप्राप्ति तथा संरक्षण कार्यालय स्थापना गर्ने व्यवस्था पनि गरिएको छ । यो हप्ताको सुरुतिर सांसदहरूले मग्यारको व्यापक सुधार अभियानअन्तर्गत भ्रष्टाचारविरोधी उपायहरू र सार्वजनिक मिडिया पुनर्संरचना गर्ने विधेयक पारित गरेका थिए ।

# आणविक हतियार विश्वयुद्ध रोक्ने 'एकमात्र' ग्यारेन्टी : रूस

**मस्को ।** रूसले आणविक हतियारलाई विश्वलाई सम्भावित विश्वयुद्धबाट जोगाउने 'एकमात्र' माध्यमका रूपमा व्याख्या गरेको छ । विश्वव्यापी सुरक्षा संरचना कमजोर बन्दै गएको तथा नयाँ बहुराष्ट्रिय हतियार प्रतिस्पर्धाको चिन्ता बढिरहेका बेला क्रेमलिनले यस्तो धारणा सार्वजनिक गरेको हो ।

रूस र संयुक्त राज्य अमेरिकाबीचको अन्तिम आणविक हतियार नियन्त्रण सन्धि 'न्यू स्टार्ट'गत फेब्रुअरीमा समाप्त भएपछि विश्वका दुई प्रमुख आणविक शक्तिमाथिका प्रतिबन्ध हटेका छन् । दुवै देशले उच्चस्तरीय सैन्य वार्ता पुनः सञ्चालन गर्ने सहमति जनाए पनि उक्त सन्धिको नवीकरण वा प्रतिस्थापनका विषयमा हालसम्म कुनै ठोस प्रगति भएको छैन । मस्कोमा आयोजित एक विदेश नीति मञ्चलाई सम्बोधन गर्दै क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले विश्वव्यापी सुरक्षा प्रणाली क्रमशः कमजोर हुँदै गएको बताएका छन् । 'आणविक प्रतिरोधबाहेक विश्वसँग अब केही बाँकी छैन । यही एकमात्र तत्व हो, जसले विश्वलाई विश्वयुद्धबाट जोगाइरहेको छ,' उनले भने । प्रविधिको तीव्र विकाससँगै भविष्यमा नयाँ प्रकारका गैर-आणविक हतियार विकास हुन सक्ने र ती विनाशकारी क्षमताका हिसाबले आणविक हतियारसरह हुन सक्ने उनको भनाइ थियो ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमाथिको आक्रमणको क्रममा पटक-पटक आणविक हतियारसम्बन्धी अभिव्यक्ति दिँदै आएका छन् । यसलाई युरोपेली राष्ट्रहरू तथा संयुक्त राज्य अमेरिकाले गैरजिम्मेवार 'आणविक धम्की'का रूपमा आलोचना गरेका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनलाई समेटेर नयाँ आणविक नियन्त्रण सन्धि गर्नुपर्ने धारणा अघि सारेका छन् । चीनको आणविक भण्डार विस्तार भइरहेको भए पनि त्यो अझै रूस र अमेरिकाको तुलनामा निकै सानो रहेको बताइन्छ । यद्यपि बेइजिङले उक्त प्रस्तावप्रति सार्वजनिक रूपमा असहमति जनाएको छ । मस्कोले भने चीनलाई नयाँ सम्झौतामा समावेश गरिए बेलायत र फ्रान्सलाई पनि त्यसमा सहभागी गराइनुपर्ने अडान राखेको छ ।

सन् २०१० मा हस्ताक्षर भएको 'न्यू स्टार्ट' शीतयुद्धपछिका आणविक हतियार नियन्त्रणसम्बन्धी प्रमुख सम्झौतामध्ये अन्तिम सन्धि थियो । उक्त सन्धिले रूस र अमेरिकालाई अधिकतम एक हजार ५५० वटा तैनाथ आणविक वारहेड राख्न सीमित गरेको थियो । सन्धिको अवधि समाप्त हुनुअघि दुवै देशले एकअर्कामाथि सम्झौताको पूर्ण पालना नगरेको आरोप लगाउँदै आएका थिए ।

# 'अमेरिका पराजित भो' : इरान

**तेहरान ।** मध्यपूर्व युद्ध अन्त्यका लागि इरान र संयुक्त राज्य अमेरिकाबीच भएको सम्झौताले अमेरिकी दबाबको विजय नभई अमेरिकाको पराजयलाई पुष्टि गरेको इरानका प्रमुख वार्ताकार तथा संसद् अध्यक्ष मोहम्मद बाघेर गालिबफले बताएका छन् । उनले उक्त समझदारी इरानी जनताको प्रतिरोध र अधिकारको संरक्षणको परिणाम भएको दाबी गर्नुभयो ।

अजरबैजानको राजधानी बाकुमा बुधबार आयोजित एक सम्मेलनलाई सम्बोधन गर्दै गालिबफले पाकिस्तानको मध्यस्थतामा सम्पन्न 'इस्लामाबाद समझदारी' कुनै दबाब वा जबर्जस्तीको उपज नभएको बताए । उहाँका अनुसार इरानी जनताको दृढ प्रतिरोध र राष्ट्रिय अधिकारको रक्षाले नै उक्त सहमति सम्भव भएको हो । उनले इस्लामाबादमा भएको सहमतिलाई अमेरिकाको पराजयको घोषणापत्रको रूपमा व्याख्या गर्दै मध्यपूर्वको सुरक्षा क्षेत्रीय देशहरूले नै सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो । विदेशी सैन्य उपस्थितिले स्थायी सुरक्षा स्थापना गर्न नसक्ने र बरु अस्थिरताको स्रोत बन्ने उनको भनाइ थियो ।

गालिबफले मध्यपूर्वबाट विदेशी सैन्य शक्तिको फिर्तीलाई इरानको दीर्घकालीन रणनीतिक लक्ष्यका रूपमा उल्लेख गर्नुभयो । उहाँका अनुसार क्षेत्रीय सुरक्षा बाह्य हस्तक्षेपबाट नभई क्षेत्रीय सहकार्य र आपसी समझदारीबाट सम्भव हुन्छ । संयुक्त राज्य अमेरिकाले मध्यपूर्वका विभिन्न देशमा सैन्य आधारहरू कायम राख्दै आएको छ । युद्धका क्रममा अमेरिकी र इजरायली सेनाले इरानमाथि गरेको बम आक्रमणको प्रत्युत्तरस्वरूप इरानले पनि केही आयोजक तथा साझेदार मुलुकहरूलाई लक्षित गरी आक्रमण गरेको थियो ।

गालिबफले क्षेत्रको भविष्य द्वन्द्वमा नभई सहकार्यमा रहेको बताउँदै विनाशको सट्टा सहअस्तित्व आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । उनको यो अभिव्यक्तिलाई इरानी आक्रमणको निशानामा परेका खाडी राष्ट्रहरूप्रति सन्देशका रूपमा पनि हेरिएको छ । इरानका प्रमुख वार्ताकारले लेबनानमा स्थायी शान्ति स्थापना हुनु वासिङ्टनसँग भएको सहमतिको महत्त्वपूर्ण आधार रहेको दोहोऱ्याउनुभयो । उहाँका अनुसार लेबनानमा युद्धविराम कायम हुनु इरानमा युद्धविराम कायम हुनुसँग समान रूपमा महत्त्वपूर्ण छ ।

लेबनानमा युद्धको अन्त्य र इरानमा युद्धको अन्त्य एकअर्कासँग जोडिएको विषय भएको उल्लेख गर्दै क्षेत्रीय स्थायित्वका लागि दुवै मोर्चामा शान्ति अपरिहार्य रहेको उनले बताए ।

# हर्मुज जलमार्ग बन्द हुँदा हजारभन्दा बढी मालबाहक जहाजहरू समुद्रमै अलपत्र

**लन्डन ।** स्टेट अफ हर्मुज जलमार्ग बन्द हुँदा एक हजार २०० भन्दा बढी मालवाहक जहाजहरू १२५ अर्ब अमेरिकी डलरको सामानसहित यस क्षेत्रमा फसेको फाइनान्सियल टाइम्स (एफटी)ले बुधबार बीमा कम्पनी एलियान्जको पछिल्लो प्रतिवेदनलाई उद्दृत गर्दै रिपोर्ट गरेको छ ।

एलियान्जमा समुद्री प्रमुख जस्टस हेनरिकले बेलायती दैनिक फाइनान्सियल टाइम्सलाई महत्वपूर्ण जमार्गको बन्दले बिमा कम्पनीहरूका लागि जाँच केन्द्रहरूमा जोखिम वहनको ढाँचा परिवर्तन गरेकोसमेत जनाइएको छ । संयुक्त राज्य अमेरिका र इरानबीच सम्झौता घोषणा भएर स्टेट अफ हर्मुज खोल्ने निर्णय पछि ढुवानी यातायात बिस्तारै सहज भएको जनाइएको छ । आधिकारिक तथ्याङ्कले यस अघिको हप्तामा ६९ वटा जहाजहरू खाडीबाट बाहिर निस्किएको देखाएको छ जुन एक हप्ताअघि मात्र २४ वटा थिए भने फेब्रुअरीमा द्वन्द्व भड्किए पछिको सबै भन्दा बढी साप्ताहिक ढुवानीको मात्रा यही भएको जनाइएको छ ।

द्वन्द्वका कारण गम्भीर हताहतका कारण मानविय क्षती र आर्थिक नोक्सान हुनुका साथै लामो समय सम्म समुन्द्र क्षेत्रमा रहनु परेकाले चालक दलका सदस्यहरूपमा सङ्कट ल्याएको जनाइएको छ । अन्तर्राष्ट्रिय सामुद्रिक सङ्गठनका अनुसार द्वन्द्वका कारण १४ जना डुङ्गा चालकहरूपको मृत्यु भएको छ भने ४० वटा भन्दा बढी जहाजहरूमा क्षेप्यास्त्र आक्रमण भएको छ ।

# सेतो गवारो बढेपछि कफीकिसान चिन्तित

**गुल्मी ।** 'लटरम्म फलेका कफीका बोटमा सेतो गवारो लाग्यो । वर्षौंसम्म आफूले मेहनत गरेर हुर्काएका बोटहरूप काट्नुपर्दा मन निरास भयो । कफीखेती कसरी जोगाउने भन्ने चिन्ताले मन पिरोलिरहेको छ', गुल्मीको रुरुक्षेत्र गाउँपालिका-१ भड्कुवाकी कफी किसान कृषक माया भट्टराईले भने ।

यो उनको मात्र पीडा होइन । कफीको जननी जिल्ला भनेर चिनिने गुल्मीसहित अर्घाखाँची र प्यूठानका सयौं किसान अहिले यस्तै पीडामा छन् । रोगकीराको सङ्क्रमण, गुणस्तरीय बिरुवाको अभाव, प्राविधिक ज्ञानको कमी, सिँचाइ र बजार व्यवस्थापनलगायत चुनौतीले पछिल्लो समयमा कफी किसान चिन्तित बन्दै गएका हुन् । 'गवारोले उठिबास लगायो । फल दिने बेलामा रुखै काट्नुपर्ने अवस्था आएको छ', अर्घाखाँचीको छत्रदेव गाउँपालिका-६ का कफी किसान हरिलाल पौडेलले भने, 'किसानको लगानी खेर जाने अवस्था छ, उत्पादन सुरक्षित हुने वातावरण छैन ।'

कफीको जिल्ला भनेर चिनिने गुल्मीमा उत्पादनका हिसाबले पनि इतिहास बोकेको छ । पछिल्ला वर्षमा यहाँका किसानले व्यावसायिक कफीखेतीलाई आयआर्जनको प्रमुख माध्यम बनाउँदै आएका छन् । तर, उत्पादन वृद्धि हुँदै जाँदा बोटमा देखिएका समस्या समाधान नहुँदा किसान निरास बन्न थालेका हुन् ।

## दलको संस्थागत...

पत्यायो र रास्वपा गठनको आधा वर्षभित्रै भएको २०७९ को आम निर्वाचनमार्फत २७५ सदस्यीय प्रतिनिधिसभामा २१ सिटको हैसियत दिलायो।

यही बीचमा नाटकीय रूपले अगाडि ल्याइएको 'जेनजी आन्दोलन' को आवरणमा स्वदेशी-विदेशी अपराधीहरूको गठजोडमा घटाइएको भदौ २३-२४ को आपराधिक एवम् आतङ्कवादपूर्ण हर्कतमार्फत् विद्यमान संसदको विघटन गराएर २१ फागुनमा मध्यावधि चुनाव गराइयो। मध्यावधि चुनावको तयारीकै सिलसिलामा केही सन्देहास्पद र आपराधिक पृष्ठभूमिका रहस्यमय समूह, व्यक्ति र पात्रहरूप समेत रास्वपामै 'एकीकृत'/समाहित भए। तर, राणा शासन, पञ्चायती कालरात्री, तानाशाही राजतन्त्र जस्ता कलङ्कपूर्ण व्यवस्थाहरूलाई पन्छाएर क्रमशः प्रजातन्त्र, लोकतन्त्र हुँदै मुलुक र जनतालाई गणतन्त्रको उज्यालोसम्म डोऱ्याउन ऐतिहासिक योगदान गरेका अनि छिटपुट भ्रष्टाचार र व्यभिचारका बावजुद विकास, उन्नति र प्रगतिको क्षेत्रमा समेत उल्लेख्य रूपले नेतृत्व गरेका कांग्रेस-कम्युनिस्टहरूपले भने आफ्नै समर्थक, शुभेच्छुक र मतदाताको रक्षा गर्न सकेनन्। तिनले न आ-आफ्नो पार्टीगत एकता कायम राख्न सके; न त आफ्ना ऐतिहासिक योगदान र उपलब्धिहरूपलाई रक्षा, संस्थागत र यथोचित प्रचारप्रसार गर्न सके। यसबीच कांग्रेस र कम्युनिस्टहरूप त केवल भ्रष्टाचारी, दुराचारी, लुटेरा र अपराधी मात्र हुन् भनेजस्तो अफवाह पूरै समाज र मनमस्तिष्कमा फैलाएर आफ्नो पक्षमा चुनावी माहोल सिर्जना गर्न रास्वपा पक्षधरहरूप भने पूर्णरूपले सफल भए।

यो स्थितिमा २१ फागुनको चुनावबाट प्रतिनिधिसभामा झन्डै दुईतिहाई बहुमत हासिल गरेर एकलौटी सरकार हाँकिरहेको मुलुककै एउटा प्रमुख राजनीतिक दलको हैसियतमा रास्वपाको प्रथम महाधिवेशन सम्पन्न हुँदैछ। यी पङ्क्ति लेखिरहँदासम्म रास्वपा महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यहरूपको नामावली प्राप्त भइसकेको छ; जसमा अधिकाङ्श रवि लामिछाने नेतृत्वको पुरानै रास्वपाका नेता-कार्यकर्ताहरूपको बाहुल्यता देखिएको छ। र, यसअघि नै सभापतिमा उनै लामिछाने र उपसभापतिमा अर्थमन्त्री समेत रहेका पुरानै उपसभापति डा. स्वर्णिम वाग्ले तथा वरिष्ठ नेतामा प्रधानमन्त्री समेत रहेका यसअघिकै वरिष्ठ नेता बालेन्द्र साह निर्विरोध निर्वाचित भइसकेका छन्। बाँकी पदाधिकारीहरूपका उम्मेवार पनि अधिकांशतः उक्त पार्टीका पुरानै हर्ताकर्ताहरूप रहेकाले तिनैमध्येबाट आउने सुनिश्चित छ।

यसरी रास्वपा महाधिवेशनबाट संगठनात्मक पक्ष करिव-करिव व्यवस्थित भइसकेको छ र केही कमीकमजोरी र असंगतिका बावजुद लोकतान्त्रिक विधिबाटै निर्वाचित भएर प्रणालीगत वैधता समेत हासिल गर्दैछ। तर, वैचारिक एवम् राजनीतिक दृष्टिले भने यो दल पूर्णतः प्रतिगमन, विग्रह, विनास र राष्ट्रिय द्वन्द्वतर्फ उन्मुख भएको स्पष्टै देखिएको छ। उक्त दलले कानुनको सोझै धज्जी उडाएर आफ्नो पार्टीमा सयौंको संख्यामा बाल-सदस्यहरूप रहेको तथ्य सार्वजनिक गरिदिएको छ। अझ गम्भीर कुरा त रास्वपाले यो महाधिवेशनमार्फत वर्तमान राजनीतिक प्रणाली र संविधानले कहीँकतै कल्पनै नगरेको तहसम्म झरेर पञ्चायती शैलीकै निर्दलीयताको मान्यता आत्मसात् गरेको छ। स्थानीय तह र राष्ट्रियसभालाई 'निर्दलीय' बनाइने जस्तो हास्यास्पद प्रस्ताव रास्वपाले पारित गरिसकेको छ। कार्यकारी राष्ट्रप्रमुख (त्यो पनि राष्ट्रपति होइन; यससम्बन्धमा विस्तृतमा केही बोलिएको छैन) को निर्वाचन गराइने, स्थानीय तहको संख्या एक तिहाई घटाइने, प्रदेशसभा खारेज गरिनेजस्ता आपत्तिजनक र हास्यास्पद प्रस्ताव पारित गरेर रास्वपाले एकातिर आफूलाई प्रतिगमनकारी शक्तिका रूपमा परिचित गराएको छ भने अर्कातिर अझै पनि आफूहरूप राजनीतिक सुझबुझ भएको, लोकतान्त्रिक मूल्य-मान्यता र मर्म बुझेको, राजनीतिक चरित्रयुक्त र परिपक्व राजनीतिक शक्ति बन्नै नसकिरहेको प्रमाण पेस गरिदिएको छ।

लोकतान्त्रिक-जनतान्त्रिक दृष्टिकोणबाट वैश्विक रूपमै आधारभूत रूपले परस्पर विपरीत दुई राजनीतिक ध्रुव मात्र अस्तित्वमा छन् र रहन सक्तछन्- लेफ्टिस्ट वा कम्युनिस्ट र लिबरल वा डेमोक्र्याट। तर, रास्वपाले घोषित रूपमै आफ्नो दल र आफूहरूप यी दुवै खेमाभित्र नपर्ने बताएको छ, जुन कुरा शतप्रतिशत असम्भव र हास्यास्पद हो। यो कुरा त केवल अज्ञानताको उपज मात्रै हो' नत्र यो ढोंग, पाखण्ड वा कपट हो। यी दुईको विकल्प त केवल पञ्चायती शैलीको ठिम्मर अधिनायकवाद मात्र हुन सक्दछ। २१ फागुनको चुनावअघि रास्वपा र यसका सबै तहका नेताहरूपले आफ्नो दल वर्तमान राजनीतिक प्रणाली एवम् विद्यमान संविधान र कानुनप्रति प्रतिबद्ध रहेको भनाइ सार्वजनिक रूपमा पटक-पटक प्रकट गरेको थिए। संघीयतालाई अझै सुदृढ, व्यापक र अधिकारसम्पन्न तुल्याइने आश्वासन समेत उनीहरूपले यत्रतत्र बाँडेका थिए। सुशासन, पारदर्शिता र कानुनी राजको व्यावहारिक प्रत्याभूति दिलाइने प्रतिबद्धता जाहेर गरेका थिए।

तर, महाधिवेशनले उल्टै प्रदेशभा खारेज गर्ने, स्थानीय तहको संख्या घटाउने, निर्दलीय प्रणालीको अभ्यास गर्नेजस्ता निर्णय गरेपछि मेचीदेखि महाकालीसम्मका मतदाताले आफूहरूप नराम्ररी झुक्किएको भन्दै रास्वपा र त्यसका नेताहरूपले आफूलाई नराम्रोसँग झुक्याएर गम्भीर धोका दिएको अनुभूति विभिन्न माध्यमबाट सार्वजनिक गर्न थालेका छन्।

# विष्णु पक्राउपछि ओली : 'एमालेमाथि षडयन्त्रको निरन्तरता'

**काठमाडौं।** नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका उपाध्यक्ष विष्णु पौडेलको गिरफ्तारीप्रति आपत्ति जनाएका छन्। सोमबार प्रेस वक्तव्य जारी गरी अध्यक्ष ओलीले पौडेलको गिरफ्तारी 'एमालेमाथि लगातार भइरहेका श्रृंखलाबद्ध प्रहार र राजनीतिक षडयन्त्रको निरन्तरता' भएको बताएका हुन्।

पौडेललाई सोमबार अपराह्न सुर्खेतस्थित एक होटलबाट पार्टीको कार्यक्रम भइरहेकै बेला प्रहरीले नियन्त्रणमा लिएको हो। उनीविरुद्ध सम्पत्ति शुद्धीकरणमा अनुसन्धान हुने प्रहरीले जनाएको छ। 'काम छ' भन्दै प्रहरीले बैठक बाहिर निकाले, होटल बाहिर लगेर नियन्त्रणमा लिए।

'उपाध्यक्ष कमरेड विष्णुप्रसाद पौडेललाई पार्टीको सांगठनिक कार्यक्रमका सिलसिलामा सुर्खेतमा रहेका बेला सरकारले गैरकानुनी ढंगले अपहरणको शैलीमा गिरफ्तार गरेको छ, त्यसप्रति हाम्रो पार्टी घोर निन्दा र भर्त्सना गर्दछ,' ओलीले वक्तव्यमा भनेका छन्,- 'नेकपा (एमाले) सदैव कानुनी राज्य, सुशासन र विधिको शासनको पक्षमा दृढतापूर्वक उभिँदै आएको छ। वर्तमान सत्तापक्षले विपक्षी दलहरू प्रति अख्तियार गरिरहेको अराजनीतिक, अलोकतान्त्रिक र नांगो प्रतिशोधको यो अर्को पराकाष्ठा हो।'

अध्यक्ष ओलीले यसलाई 'दमनकारी कदम' भन्दै आफू र आफ्नो पार्टीमाथि लगातार भइरहेका श्रृंखलाबद्ध प्रहार र राजनीतिक षड्यन्त्रको निरन्तरता हो भनेका छन्। 'उपाध्यक्ष पौडेल आजै सुर्खेतको कार्यक्रम सकेर भोलि नै काठमाडौं फर्कने पूर्वनिर्धारित कार्यतालिका थियो। विधिको शासन र सामान्य कानुनी प्रक्रियाको समेत धज्जी उडाउँदै जुनसुकै बेला सोधपुछ गर्न सकिने वा उहाँकै उपस्थितिमा प्रक्रिया अगाडि बढाउन सकिने विकल्पलाई नियतवश लत्याइएको छ,' ओलीको विज्ञप्तिमा भनिएको छ- 'सार्वजनिक पद धारण गरिसकेका र कानुनलाई सदैव सम्मान गर्ने राजनीतिक व्यक्तित्वलाई केवल सस्तो स्टन्ट र सस्तो राजनीतिक खपतका लागि बदनियतपूर्वक गिरफ्तार गरिएको छ। सत्ताको उन्मादमा गरिएको यस प्रकारको अधिनायकवादी कदमको हाम्रो पार्टी डटेर सामना गर्नेछ।'

वर्तमान सरकार अलोकतान्त्रिक, सर्वसत्तावाद र अधिनायकवादको बाटोतर्फ उन्मुख छ भन्दै विपक्षी दलका नेताहरूमाथि लक्षित यस्ता निकृष्ट र प्रतिशोधपूर्ण हर्कतहरू तत्काल बन्द गर्न चेतावनी समेत ओलीले दिएका छन्। सरकारका यस्ता स्वेच्छाचारी र लोकतन्त्रविरोधी कृयाकलापका विरुद्ध सामूहिक प्रतिवाद गर्न लोकतान्त्रिक शक्तिहरूलाई एकजुट हुन आह्वान समेत एमालेले गरेको छ।

**काठमाडौं ल्याइए उपाध्यक्ष पौडेल**

यसैबीच, सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ परेका भनिएका उपाध्यक्ष पौडेललाई काठमाडौं ल्याइएको छ। मंगलबार मध्याह्न उनलाई काठमाडौं ल्याइएको हो। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पत्रको आधारमा सुर्खेत प्रहरीले पौडेललाई सोमबार पक्राउ गरेको बताइएको थियो।

उनलाई समातिएको राति नै सार्वजनिक माइक्रोबसमा राखेर काठमाडौं हिँडाइएको हो। सोमबार सुर्खेतमा पक्राउ परेका पौडेललाई बाँके हुँदै स्थलमार्गबाट ललितपुरको पुल्चोकस्थित सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा ल्याइएको हो। विभागले आवश्यक प्रक्रिया पुरा गरि म्याद थपका लागि अदालतमा उपस्थित गराउने तयारी गरेको छ। विभागले सम्पत्ति शुद्धीकरणमा थप अनुसन्धानका लागि पक्राउ गरेको जनाएको छ। उनलाई प्रहरीले जरूरी पक्राउ पुर्जी थमाएर पक्राउ गरिएको बताइएको छ।

# के छ लामिछानेको राजनीतिक प्रतिवेदनमा ?

**काठमाडौं।** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले पार्टीको पहिलो महाधिवेशनको बन्दसत्रमा मंगलबार प्रस्तुत गरेको राजनीतिक प्रतिवेदनमा रास्वपा स्थापना हुनुको कारण, उद्देश्य र चार वर्षको राजनीतिक यात्राको विस्तृत समीक्षा गरेका छन्।

'चार वर्षमा शून्यबाट सिंहदरबारसम्म' शीर्षकको प्रतिवेदनमा लामिछानेले आफूहरू राजनीतिमा किन प्रवेश गरियो भन्ने प्रश्नको जवाफ नै पार्टीको मूल मार्गदर्शन रहेको उल्लेख गरेका छन्। उनका अनुसार रास्वपा स्थापना गर्ने अधिकांश व्यक्तिहरूको परम्परागत राजनीतिक पृष्ठभूमि थिएन। उनीहरू सञ्चार, पेसागत क्षेत्र तथा समाजका विभिन्न तहमा सक्रिय रहेर राज्यलाई प्रश्न गर्ने र सुधारका लागि दबाब सिर्जना गर्ने प्रयासमा संलग्न थिए। तर, समयसँगै राज्यसंयन्त्र न सुन्न चाहने र न सुन्न सक्ने अवस्थामा पुगेको निष्कर्षमा पुग्दै उनीहरूले परिवर्तनका लागि प्रणालीभित्रै प्रवेश गर्नुपर्ने आवश्यकता महसुस गरेको प्रतिवेदनमा उल्लेख छ।

सत्ताकेन्द्रित राजनीति, भ्रष्टाचार, जवाफदेहिताको अभाव, अवसरवाद र बिचौलियाको प्रभावका कारण लोकतन्त्र कमजोर बनेको उनको दाबी छ। प्रतिवेदनमा लोकतन्त्रलाई 'नेतातन्त्रले चपाइरहेको' र नेतातन्त्रलाई 'बिचौलियाले नचाइरहेको' टिप्पणी गर्दै रास्वपाले प्रणाली सुधार, पुनः संरचना र शुद्धीकरणको लक्ष्यसहित राजनीतिक यात्रा सुरु गरेको उल्लेख गरिएको छ। लामिछानेले 'नयाँ शक्ति' र 'विवेकशील' अभियानले राजनीतिमा तरङ्ग ल्याए पनि संरचनागत परिवर्तन गर्न नसकेको उल्लेख गरेका छन्। यद्यपि बालेन शाह काठमाडौं महानगरपालिकाको मेयरमा निर्वाचित भएपछि परम्परागत दलप्रतिको जनअसन्तुष्टि स्पष्ट रूपमा देखिएको र वैकल्पिक राजनीतिक शक्तिका लागि जनमत तयार भएको प्रतिवेदनमा उल्लेख छ।

रास्वपा स्थापना प्रक्रियामा ठूलो अविश्वास, आलोचना र उपहासको सामना गर्नुपरेको स्मरण गर्दै लामिछानेले सदस्य त परको कुरा, नेतृत्व लिनसमेत धेरै व्यक्ति तयार नभएको बताएका छन्। स्थापित राजनीतिक दलहरूलाई 'अपराजय पहाड' का रूपमा चित्रण गरिए पनि आफूहरूले तिनलाई 'फोहोरका थुप्रा' मा परिणत भइसकेको संरचनाका रूपमा व्याख्या गरेको प्रतिवेदनमा उल्लेख छ। जनतामा परिवर्तनको चाहना भए पनि समाजका प्रभावशाली व्यक्ति, बुद्धिजीवी, सञ्चारकर्मी तथा चर्चित व्यक्तिहरू वैकल्पिक राजनीतिक अभियानप्रति सुरुआती चरणमा सकारात्मक नभएको उनले उल्लेख गरेका छन्। 'जनता तयार थियो, जान्ने-सुन्ने मानिएकाहरू तयार थिएनन्'- प्रतिवेदनमा भनिएको छ।

'शून्यबाट सिंहदरबारसम्म', किन राजनीतिमा आयो रास्वपा ?


## मौसमजन्य भाइरलबाट सुरक्षित बनौं !

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुन-पानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाच्छ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं।

स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं !

चिकित्सकको सल्लाहविना औषधि सेवन नगरौं !

नेपाल सरकार

**विज्ञापन बोर्ड**


प्रकाशक: **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**

**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं